नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २३ | २०८० साल मंसिर २५ गते सोमबार | Monday 11, December 2023 | सूर्योदयः बिहान ६:४४ बजे | सूर्यास्तः साँझ ५:१३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# अग्निपरीक्षामा मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

नेपालीमा उखान छ, 'सोम खेती–बुध घर ।' अघिल्लो वर्ष पुस २७ गते बुधबार नै थियो र मधेश सरकारको नयाँ घरबार बसेको थियो । जनता समाजवादी पार्टी (जसपा) संसदीय दलका नेता बनेका सरोजकुमार यादव बुधबार नै मुख्यमन्त्री नियुक्त भएका थिए । उनको कार्यकालको ११ औँ महिना पूरा हुँदैछ । १ सय ७ सदस्यीय प्रदेश सभाका ६३ सांसदको समर्थनमा उनी मुख्यमन्त्री भएका थिए । नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टी र दुई स्वतन्त्र सांसद यादवको समर्थनमा उभिएका थिए ।

आवश्यकताअनुसार मन्त्रिमण्डल विस्तार गर्दै गएका उनीसँग यो ११ महिनामा ११ मन्त्री छन्, दुई राज्यमन्त्री छन् । सबै समितिका सभापति छन् । आफ्नै पार्टीभित्र मुख्यमन्त्रीको अनुभव संगालिसकेका अग्रज लालबाबु राउतदेखि 'यो सरकारले बिजनेस दिन सकेन' भनेर आलोचना गर्ने पार्टीकै प्रदेश सभा सदस्य मनिष सुमन पनि छन् । र, पछिल्लो समय उनको एउटै एजेण्डा छ, 'प्रदेश सरकारका अधिकार प्रदेशलाई देऊ ।' उनले यसो भनेको लामै भयो । पछिल्लो एक महिना त उनले प्रधानमन्त्रीलाई पटकपटक भेटेर अधिकार नदिए आन्दोलन गर्छौं भनिरहे । महिना मरेको दुई दिनपछि आइतबार फेरि उनी प्रधानमन्त्रीकहाँ पुगे, अब आन्दोलन गर्नु पर्ने अवस्था आएको बताए । प्रधानमन्त्री र मुख्यमन्त्रीको भेटसँगै सातै प्रदेशका गृहमन्त्री पनि प्रधानमन्त्री र गृहमन्त्री भेट्न पुगे । मधेशमा चैँ सबै दल प्रदेश सरकारलाई अधिकार दिलाउने संकल्पसहित एकमत छन् । तर के प्रधानमन्त्री मधेशसहित प्रदेश सरकारलाई अधिकार दिन तयार होलान् त ? आइतबारपछि मुख्यमन्त्री सरोजकुमार यादवका अग्निपरीक्षा सुरु भएका छन् । नेपालको संविधानको अनुसूची ६ मा प्रदेश सरकारका २१ अधिकार उल्लेख छन् । अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकार सूचीमा २५ अधिकार उल्लेख छ । अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा १५ अधिकार समावेश छन् । प्रदेश सरकारलाई प्रहरी र कर्मचारीको अधिकार नभए काम गर्न नसक्ने अवस्था रहेको भन्दै अरु प्रदेशले पनि गुनासो नगरेका होइनन् । तर मधेश सरकारले पटकपटक माग गर्दै एक महिने अल्टिमेटमसमेत दियो । अल्टिमेटम पनि सकियो । मुख्यमन्त्री फेरि प्रधानमन्त्रीकहाँ पुगेपछि प्रधानमन्त्री पुष्पकमल दाहालले भने, 'सङ्घीयता कार्यान्वयनका लागि आवश्यक सङ्घीय कानुन निर्माणमा सरकार गम्भीरतापूर्वक लागिरहेको छ ।' प्रधानमन्त्री निवास बालुवाटारमा मधेशका मुख्यमन्त्रीसँगको छलफलमा प्रधानमन्त्रीले दोहो¥याए, 'सङ्घीयतासम्बन्धी विधेयक सरकारले अगाडि बढाइसकेको छ ।' पुराना भेटहरुपछि मुख्यमन्त्री यादव आफ्ना सहकर्मी, केही पत्रकार र अरुसँग भन्थे, 'प्रधानमन्त्रीले केही दिनमै अधिकार दिने भन्नु भएको छ ।' तर आइतबार प्रधानमन्त्रीले मुख्यमन्त्रीलाई त्यसो भनेनन्, बरु भने, 'संसदबाट छिनोफानो हुनै बाँकी छ, सङ्घर्षका कार्यक्रम थाँती राखेर अधिकार प्राप्तिका लागि थप पहलमा केन्द्रित हुन आग्रह गर्दछु ।'

प्रधानमन्त्रीले भने, 'सङ्घीयताका निम्ति सबैभन्दा बढी लडेको माओवादी पार्टी नै हो । सङ्घीयताका पक्षमा लगातार सङ्घर्ष गर्ने नेता मै हुँ । सङ्घीय कानुन समयमै निर्माण गर्न निरन्तर पहल गरिरहेको छु ।' मुख्यमन्त्री यादवले दोहो¥याए, 'एक महिनाभित्र निजामती सेवा ऐन र प्रदेश प्रहरी समायोजन गरिसक्न सङ्घीय सरकारलाई आग्रह गरिएकामा अवधि पूरा भएकाले सङ्घर्षमा जानुपर्ने बाध्यात्मक परिस्थिति निर्माण भएको छ ।' प्रधानमन्त्री र मुख्यमन्त्रीको पुरानै सम्वादपछि अब मुख्यमन्त्रीको कदम कस्तो होला ? सबैको ध्यान केन्द्रित भएको छ । यद्यपि मुख्यमन्त्रीको दौडमा उनकै पार्टीका नेताहरुको मौनता किन ? कतै मुख्यमन्त्रीको अग्निपरीक्षामा अरुको रुची कम त होइन भन्ने शंका उब्जिएको छ ।



> मितिः २०७९ पुस २७ गते बुधबार
> स्थानः जनकपुरधाम
> उपलब्धीः मधेश प्रदेश सरकारका मुख्यमन्त्री चयन
> व्यक्तित्वः सरोज कुमार यादव

### प्रगति कस्तो छ ?

आर्थिक वर्ष २०८०–८१ यता अर्थात् साउनदेखि मंसिरको पहिलो सातासम्ममा मधेश सरकार र मातहत निकायले जम्मा ४ प्रतिशत बजेट खर्च गरेको छ । मधेश प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांक अनुसार चालु आर्थिक वर्षको कुल बजेट ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रहेकामा १ अर्ब ५० करोड ७३ लाख २३ हजार २२ रुपैयाँ ३६ पैसा खर्च गरेको छ । प्रादेशिक कार्यालयहरुको खाता सञ्चालन गर्न नसकेको सरकारविरुद्ध बारा, पर्सामै आन्दोलन सुरु भएको छ । चार महिना बजेटको ३.४१ प्रतिशत खर्चले भन्छ मधेश पछि पर्न अरु कारण खोजिरहन पर्दैन ।

### के भनेका थिए मुख्यमन्त्रीले ?

मुख्यमन्त्री सरोजकुमार यादवले मुख्यमन्त्री भएको एक महिना नपुग्दै २०७९ माघ २१ गते निकै हौसिएर प्रदेश सभाको पाँचौ वार्षिकोत्सवमा भनेका थिए, 'मधेश प्रदेश सरकारले बुलेट रेल भन्दा पनि तिब्र गतिमा काम गर्नेछ ।' तर त्यस यता लगातार सरकारको प्रमुख व्यक्तिका अधिकांश सम्बोधन गुनासोमा सीमित रहे । 'यसो गर्न पाइएन, उसो गर्न पाइएन, अधिकारै भएन, मेरै गाउँमै मेरै पाकेटमारी भयो,' मुख्यमन्त्रीका सम्बोधनको समाचार गुगलमा खोज्दा यस्तै–यस्तै भेटिन्छन् ।

### उपेन्द्र यादव के भन्छन् ?

जनता समाजवादी पार्टीका अध्यक्ष एवम् सत्ता गठबन्धन मोर्चाका नेता उपेन्द्र यादव अघिल्लो साता मधेशका विभिन्न जिल्लामा पुगे । रवि लामिछाने, माधवकुमार नेपाल र उपेन्द्र यादव उस्तैउस्तै समयमा मधेशमा थिए । तर समाचारमा लामिछाने हाबी भए । गाउँगाउँ पुगेका माधव नेपालका पार्टीका नेताहरुकै कमजोरीले समाचार आएन । आन्तरिक छलफलका कारण जसपाको पनि खास समाचार आएन । कतै कुनै कार्यक्रममा उपेन्द्र यादवले माओवादी र कांग्रेसलाई चर्को गाली गरे । खासमा उनी पर्सा र आफ्नै गृहजिल्ला सप्तरीमा जसपाको समानान्तर समितिको विवाद मिलाउन उपेन्द्र व्यस्त रहे । कांग्रेस र माओवादीले देश बर्बाद पारे भनेर सम्बोधन गर्ने उपेन्द्रले कतै प्रदेश सरकारको अधिकारबारे वकालत भने गरेको समाचार कमै आयो । उपेन्द्रले बोले र पत्रकारले थाहा पाएनन् या समाजवादी पार्टीले जस्तै जसपाले पनि शीर्ष नेता आउँदा पत्रकारलाई थाहा दिएनन्, जसपामै कुरा भयो । मुख्यमन्त्रीको यत्रो दौडधूपमा उपेन्द्र यादवको किन मौनता या कमजोर वकालत रह्यो ? मधेशका जनता प्रश्न गरिरहेका छन् ।

### निधिको साथ

धनुषामा कांग्रेसको प्रदेश अधिवेशनको सन्ध्यामा सक्रिय रहेका कांग्रेस नेता बिमलेन्द्र निधिले भने मधेशका कार्यक्रमहरुमा प्रदेशलाई अधिकार दिन आनाकानी भइरहेको पटकपटक बताए । धनुषामा आफ्नो पकड कायममा सक्रिय निधि पूर्व गृहमन्त्री पनि हुन् । उनले आफू सरकारमा रहँदा मधेशको अधिकारबारे के गरेँ भनेर कतै बताएनन् । तर यसपटक मधेश सरकारको मुद्दामा भने जसपा भन्दा बढी उनको लबिङ थियो कांग्रेसका कार्यक्रमहरुमा । यो उनको राजनीति थियो मधेशसँग सच्चा प्यार, देखिँदै जानेछ ।

# मधेशमा फेरि नयाँ पार्टी ?





**मधेशदृष्टि**
**वीरगंज ।**

गजेन्द्र नारायण सिंहले नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालासँग विद्रोह गरेर मधेश केन्द्रित पार्टी बनाएसँगै मधेशको राजनीति वैकल्पिक राजनीतिका रुपमा उदाएको छ । तर यो क्रममा कैयौँ पार्टी खुल्ने, एकीकरणमा जाने, विलय हुने र नयाँ पार्टी खोल्ने परम्परा भने रोकिएको छैन । पछिल्लोपटक सिके राउतको जनमत पार्टी, प्रभु साहको आम जनता पार्टी सानो भए पनि मधेशमा प्रभुत्व जमाउन क्रियाशील छ भने स्वतन्त्र सांसद अमरेश कुमार सिंहको विद्रोही स्वरलाई पनि जनताले रुचाएकै छन् । यहीबेला महन्थ ठाकुर र राजेन्द्र महतोको पार्टी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि फुटको संघारमा पुगेको र पार्टी कब्जा गर्न नपाए महतो फेरि अर्को पार्टी गठनको तयारीमा लागेको विषय सतहमा आएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)मा नेतृत्वबीच देखिएको द्वन्द्व सतहमा आएको हो । दुई वर्षअघि उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालबाट अलग भएका ठाकुर, महतोलगायतका नेता रहेको लोसपा यतिखेर यिनै दुई नेताको द्वन्द्वमा रुमल्लिएको हो । निष्क्रिय पार्टी कब्जामा राखेर अध्यक्ष ठाकुरले मनोमानी गरेपछि असन्तुष्टहरु महतोको पक्षमा एक भएका हुन् । अनेक पार्टीमा अनुभव बटुलेका असन्तुष्ट पक्षधरको लोसपा नेतृत्व वरिष्ठ नेता राजेन्द्र महतोले गरेका छन् । लोसपा असन्तुष्ट पक्षको दाबीमा त महतो सके बहुमत पु¥याएर विधिवत् रुपमा पार्टी कब्जा गर्ने नभए अर्को पार्टी खोल्ने मनस्थितिमा पुगेका छन् । उनले ठाकुरसँगको सहयात्रामा आफूलाई या त १ नम्बरको नेता नत्र अर्को पार्टीबाहेक विकल्प नदेखेको महतो निकटहरु बताउँछन् । महतो आइतबार बसेको केन्द्रीय समिति बैठकमा गएनन् । महतो निकट नेताका अनुसार, माघ ५ गतेसम्म उनी लोसपामै बस्नेछन् । महतोले तीन वटा पुस्तक लेखेका छन् । ती तीन वटै पुस्तक मधेश बलिदानी दिवसका दिन विमोचन गराएर नयाँ पार्टीको गृहकार्यमा लाग्ने बताइएको छ ।

महतोले सहकर्मीहरुसँग भन्ने गरेका छन्, 'भरोसा र प्रतीक्षाको सीमा सकियो, ठाकुरजीले सबै पार गर्नु भयो र पार्टीसँगै हामीलाई डुबाउनु भयो, उहाँ डुब्नु भए पनि मधेशको राजनीतिमा हामी उत्रन चाहन्छौँ, त्यसका लागि ठाकुरजीको एउटा बैठक हेरौँ र कुरौँ ।'

गजेन्द्रनारायण सिंहले स्थापना गरेको नेपाल सद्भावना पार्टीबाट राजनीतिक यात्रा सुरु गरेका महतोले पछि सद्भावना पार्टी गठन गरे । विभिन्न मधेशवादी दलसँग मिलेर राष्ट्रिय जनता पार्टीमा लागे । अनि उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीसँग एकीकरण गरेर जनता समाजवादी पार्टीमा बसे । त्यहाँ ठाकुरसँग मिलेर जसपा विभाजन गराएर लोसपा बनाए । महतो अब लोसपा फुटाउने अभियानमा लागेका छन् । महतो निकट लोसपा नेता राजीव झा भन्छन्, 'लोसपा विभाजन हुँदैन तर महन्थजीको नेतृत्वमा पार्टी चल्दैन ।' महन्थले पार्टी नछाडे महतोसँग अर्को पार्टी खोल्ने विकल्प मात्र बाँकी छ । झा तिनै नेता हुन्, जो महन्थ ठाकुरले ३ सय ११ केन्द्रीय सदस्य बनाउँदा परेनन् ।

# हाजिरी नै नगरी मन्त्रालय फिर्ता



**सञ्जय मिश्रा**
**रौतहट ।**

एकतिर मधेशमा कर्मचारी आउनै मान्दैनन् । अर्कातिर आएका कर्मचारी आफू अनुकुल परेन भनेर जनप्रतिनिधिहरुले सुशासनको खिल्ली उडाउन छाडेका छैनन् । उनीहरुले शक्तिको दुरुपयोग गरी कर्मचारीलाई फिर्ता पठाउने क्रम रोकिएको छैन, यसको पछिल्लो उदाहरण भएको छ यमुनामाई गाउँपालिका ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मंसिर २२ गते शुक्रबार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा काजमा आएका ओमप्रकाश यादवलाई हाजिरै नगराई

बाँकी पृष्ठ २ मा

भर्ना सम्बन्धी सूचना
केही सिट मात्र बाँकी रहेकोले समयमै आवेदन फाराम भरी मौकाको फाईदा उठाउनुहोस् ।
फाराम भर्ने अन्तिम मिति : २०८०/०८/२८
प्रवेश परीक्षा मिति : २०८०/०८/३०
• BE CIVIL 4 years
• BBA 4 years
• MBA 2 years
भूकम्प प्रतिरोधात्मक तथा भौतिक पूर्वाधारले सम्पन्न जनकपुरधाम अवस्थित आफ्नो ठूलो भवन
CENTRAL ENGINEERING COLLEGE
जनकपुरधाम (रामानन्द चौक देखि दक्षिण राजमागको पश्चिम विजय भवन)
Tel.041-527336, 9801124336, 9854024600
98510486517, 9801048617
centralegg@gmail.com|www.cecnti.com



# सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक टुङ्ग्याइन्छः प्रधानमन्त्री



**मधेशदृष्टि काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई आसन्न संसद् अधिवेशनबाट टुङ्ग्याइने प्रतिबद्धता व्यक्त गरेका छन् । अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भ पारेर गम्भीर मानवअधिकार उल्लङ्घन पीडितहरूको राष्ट्रिय सञ्जालले आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको कार्यक्रममा उनले आउँदो अधिवेशनमा सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई पहिलो प्राथमिकता दिइने बताए । राष्ट्रिय सहमतिका आधारमा अन्तिम निष्कर्षमा पुऱ्याउन आफूले अथक प्रयास गरिरहेको जानकारी दिँदै उनले सकेसम्म सहमति नभए पनि प्रक्रियामा गएर भए पनि टुङ्गोमा पुगिने बताए । 'संसद्को अधिवेशन चल्ने बित्तिकै यसलाई टुङ्ग्याइनेछ', उनले भने, 'विधेयकका विषयमा सहमति नभए प्रक्रियाबाट पनि टुङ्ग्याइन्छ ।' विस्तृत शान्ति सम्झौता भएको दिनको स्मरणमा यही मङ्सिर ५ गते सत्ता साझेदार नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का शीर्ष नेताहरूसँग आफूले गम्भीर छलफल गरेको उल्लेख गर्दै प्रधानमन्त्रीले छलफलमा सङ्क्रमणकालीन विषयलाई टुङ्गोमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिएको बताए । 'पीडितको चाहना यस प्रक्रिया छिटो अगाडि बढोस् भन्ने छ, सरकारको पनि सोही भावना छ', प्रधानमन्त्री दाहालले भने, 'कुनै खालको अन्योल र आशङ्कामा रहनुपर्ने अवस्था छैन, देशभित्र राष्ट्रिय सहमति बनोस् भन्नका लागि सिंहदरबार र बालुवाटारमा राजनीतिक दलप्रति लगातार छलफल भयो । यसबाट एक खालको वातावरण बनेको छ ।' सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई निष्कर्षमा पुऱ्याउन अन्तरराष्ट्रिय माहोल पनि अहिलेसम्मकै राम्रो बनेको उनको भनाइ छ । यसपटक आफू प्रधानमन्त्री भए बित्तिकै शान्ति प्रक्रिया टुङ्ग्याउने विषयलाई पहिलो प्राथमिकतामा राखेको जनाउँदै उनले भने, 'पीडित पक्ष र राजनीतिक दलहरु पनि सहमतिबाटै यस विषयलाई टुङ्गोमा पुऱ्याउनुपर्छ भनेर एकै ठाउँमा पुगेको अवस्था छ । यो आफैँमा नयाँ उपलब्धि हो ।' नेपालको शान्ति प्रक्रिया देशभित्रको मात्रै मुद्दा नभएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको महासभा र 'साइडलाइन' वार्तामा पनि आफूले नेपालको शान्ति प्रक्रिया अन्तिम चरणमा रहेको जानकारी गराएको बताए । 'यो निकै नै मौलिक प्रकृतिको छ, विश्वकै निम्ति उदाहरणीय हुन सक्छ, यसलाई स्थापित गर्न पनि अन्तरराष्ट्रिय समुदायले ढिला गर्न हुँदैन भनेको छु', उनले भने । प्रधानमन्त्री दाहालले अन्तरराष्ट्रिय मूल्यमान्यता, सर्वोच्च अदालतको आदेशलाई आधार मानेर तथा पीडितको पक्षमा रहने गरी अगाडि बढिने दोहोऱ्याए । उनले सरकारको प्रमुखमात्र नभई विस्तृत शान्ति सम्झौताको एउटा हस्ताक्षरकर्तासमेत भएको नाताले यसलाई टुङ्ग्याउने र पीडितलाई खुसी बनाउने आफ्नो विशेष जिम्मेवारी रहेको बताए ।

# लागूऔषधसहित पक्राउ

**मधेशदृष्टि वीरगंज ।** वीरगंज महानगरपालिका–१६ रजतजयन्ती चोकबाट अवैध लागूऔषध खैरो हेरोईनसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मकवानपुर हेटौंडा उपमहानगरपालिका–११ बस्ने ४० वर्षीय समिर लामा रहेको प्रहरीले जनाएको छ । अवैध लागूऔषध खैरो हेरोईन १ ग्राम २१० मिलिग्राम सहित लामालाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको हो । प्रहरी चौकी इनर्वा र लागूऔषध नियन्त्रण ब्यूरो पर्साबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आइरहेका उनलाई उक्त लागूऔषधसहित पक्राउ गरेको हो । पक्राउ परेका लामामाथि थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# 'ध्रुवे हात्ती'लाई रेडियो कलर जडान गरिने

**मधेशदृष्टि वीरगंज ।** चितवन राष्ट्रिय निकुञ्जले जङ्गली हात्ती ध्रुवेलाई रेडियो कलर जडान गरिने भएको छ । वन क्षेत्रबाट बस्ती प्रवेश गर्न थालेपछि निकुञ्जले हात्तीलाई रेडियो कलर जडान गरेर निगरानी गर्न लागेको हो । विगत केही वर्षयता शान्त रहेको ध्रुवे तिहारअघिदेखि बस्तीमा पस्न थालेको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिए । उनका अनुसार रेडियो कलर जडानका लागि निकुञ्जका वरिष्ठ पशु चिकित्सक डा. विजयकुमार श्रेष्ठको नेतृत्वमा प्राविधिक टोली परिचालन गरिएको छ । हात्तीलाई रेडियो कलर जडान गर्न आवश्यकताअनुसार जनशक्ति परिचालन गर्न गरी टोली खटाइएको छ । हात्तीले बस्तीमा पसेर घर भत्काउने, भण्डारण गरिएको खाद्यान्न नष्ट गर्ने गरेको छ । ध्रुवेले विगतमा मानवीय क्षतिसमेत गरेको थियो । रेडियो कलर जडान गरेपछि हात्ती कहाँ छ र के गर्दैछ भन्ने विषयमा निकुञ्जले सहजै निगरानी गर्न सक्ने छ ।

# जसपाको कार्यकारिणी बैठक

**मधेशदृष्टि जनकपुरधाम ।** जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक सोमबार बस्दैछ । बैठकमा आगामी माघमा हुने राष्ट्रिय सभाको निर्वाचन, पार्टीले सञ्चालन गरेको प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण, तीन महिने पार्टी विस्तार तथा सुदृढीकरण अभियानको समीक्षा गरिने बताइएको छ । विशेषगरी राष्ट्रिय सभाको निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता, समसामयिक राजनीति लगायतका विषयमा छलफल गर्न बैठक बोलाइएको पार्टी कार्यालयले जनाएको छ । बैठक ललितपुर स्थित पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा बिहान ११ बजे बस्ने छ ।

# छानबिन समितिले थाल्यो अध्ययन

**मधेशदृष्टि जनकपुरधाम ।** एनसेलको शेयर खरिद बिक्री अध्ययन तथा छानबिन समितिले औपचारिक रुपमा अध्ययन शुरु गरेको छ । आइतबारबाट समितिले एनसेलको शेयर खरिदबिक्रीसँग सम्बन्धित अध्ययन शुरु गरेको हो । समितिका संयोजक टङ्कमणि शर्माले नेपाल सरकारबाट प्राप्त कार्यादेशभित्र रही तोकिएको समय सीमाभित्र अध्ययन तथा छानबिन गरी सुझावसहितको प्रतिवेदन बुझाउने गरी अध्ययन थालिएको जानकारी दिए । शर्माका अनुसार समितिले अध्ययन तथा छानबिनका क्रममा सम्बन्धित विषय क्षेत्रका नियामक निकाय, सरकारी अधिकारी, सम्बन्धित सेवा प्रदायक कम्पनीसँग छलफल गर्ने छ । आवश्यक कागजात तथा जानकारी प्राप्त गर्ने तथा सम्बन्धित विषयका विज्ञ, विभिन्न सरोकारवाला सङ्घसंस्था र व्यक्तिसँग समेत छलफल गरी राय सुझाव पेस गरिने उनले बताए । समितिले एनसेलको शेयर खरिदबिक्रीसँग सम्बन्धित तथ्यपरक जानकारी, सूचना वा अन्य यससँग सम्बन्धित प्रमाण भएमा समिति समक्ष उपलब्ध गराइ अनुसन्धानमा सहयोग गर्न सम्पूर्णमा आह्वान समेत गरेको छ । सरकारले यही मङ्सिर २१ गते एनसेलको शेयर खरिदबिक्रीका सम्बन्धमा, प्रचलित कानुनको परिपालना, राजस्व र नेपालमा वैदेशिक लगानीमा पर्न सक्ने असरलगायत विषयको अध्ययन तथा छानबिन गरी ३० दिनभित्र प्रतिवेदन पेश गर्न शर्माको संयोजकत्वमा समिति गठन गरेको थियो ।

# आम जनता पार्टीद्वारा ध्यानाकर्षण

**मधेशदृष्टि जनकपुरधाम ।** आरती साह हत्या प्रकरणमा सर्वोच्च अदालतले आरोपितमध्ये आरतीकी पति मोतीबाबु साहलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको ५ दिन बिद्धासमेत हत्यारा पक्राउ नपरेको भन्दै आम जनता पार्टीले ध्यानाकर्षण भएको जनाएको छ । पार्टी प्रवक्ता चन्द्रभूषण साहले विज्ञप्ति जारी गर्दै १ सय ७८ दिनदेखि अनवरत न्यायको पर्खाइमा संघर्षरत पीडित परिवारलाई अदालतको निर्णयबाट केही राहत तथा आंशिक न्याय प्राप्ति भए पनि कार्यान्वयन नभएकामा ध्यानाकर्षण भएको जनाइएको छ । विज्ञप्तिमा राज्यपक्षबाट न्यायालयको निर्णय कार्यान्वयनमा भइरहेको ढिलासुस्ती एवम् उदासीनताले राज्य पीडितको पक्षमा छ कि पीडकको पक्षमा गम्भीर शंका उत्पन्न भएको उल्लेख छ । राज्य पक्षको चरम लापरवाहीले आरोपित फरार भए त्यसबाट सृजित हुनसक्ने विषम एवम् जटिल परिस्थितिको जिम्मेवारी बोध गर्न आग्रह गरिएको छ । यस्तै, आरतीका परिवारका तर्फबाट बुबा विनोद, आमा निर्मलादेवी, दाइ प्रेम र बहिनी मनिषाले १ सय ७७ दिन अनशन बस्दा पनि राज्य गम्भीर नभएको र धनुषा प्रहरीमा भएको कुटपिटमा संलग्नलाई कारबाही नभएकामा आपत्ति जनाइएको छ । उनीहरुले अदालतको फैसलाले आंशिक राहत भए पनि प्रहरी अधिकारीमाथि कारबाही र निष्पक्ष छानबिनको माग कायमै रहेको विज्ञप्तिमार्फत बताएका छन् ।

# अर्थतन्त्र बलियो बनाउनुपर्नेमा ओलीको जोड




**रासस काभ्रेपलाञ्चोक ।** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले अर्थतन्त्र बलियो बनाउँदै नागरिकको जीवनस्तर उकास्नुपर्ने बताएका छन् । झुलाघाट–चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा–२०८० अन्तर्गत काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरस्थित कुन्तामा आइतबार आयोजित वृहत् जनसभालाई सम्बोधन गर्दै उनले अर्थतन्त्रलाई सबै पक्ष मिलेर उकास्नुपर्ने आवश्यकता औँल्याए । 'अर्थतन्त्रलाई सबै पक्ष मिलेर उकास्नुपर्छ र नागरिकको जीवनस्तर सबल बनाउँदै जानुपर्छ', अध्यक्ष ओलीले भने । उनले लोकतन्त्रको संस्थागत विकास गर्दै यसका प्रणालीलाई सही ढङ्गले अघि बढाउन सुझाव दिँदै सरकारले जनतामा निराशा आउन नदिने गरी काम गर्न सुझाव दिए । 'अर्थतन्त्र बलियो नहुँदा जनतामा निराशा छाएको देखियो, यसमा सरकारलगायत सबै पक्षले अब आ–आफ्नो दायित्वप्रति गम्भीर हुनुपर्छ', उनले थपे । अध्यक्ष ओलीले उद्यमशीलतामा जोड दिए रोजगारीका अवसर आफैँ सिर्जना हुने भएकाले यसप्रति जोड दिनुपर्ने बताए । उनले भने, 'रोजगारी हैन, उद्यमशीलताले यसमा विषय हो, उद्यमशीलताले रोजगारी सिर्जना गर्ने हो, यसरी अरुलाई पनि रोजगारी दिन सकिन्छ ।' उनले इन्द्रावती नदीको पानी टनेलमार्फत ल्याई मण्डनदेउपुर र पाँचखालको फाँट हराभरा बनाउन सकिने तथा यस भेगका युवामा आफूले खेलकुदमा आकर्षण देखेकाले 'मल्टिपरपोज' खेल मैदान निर्माण गर्न सकिने बताए । अध्यक्ष ओलीले कृषिमा आधुनिकीकरण र व्यावसायिकीकरण हुनुपर्ने उल्लेख गर्दै प्रविधिको प्रयोग गरी उत्पादन बढाउनुपर्ने बताए । 'अन्य व्यवसायलाई निर्वाहमुखी हैन, विकासमुखी र परिवर्तन गर्नेगरी अघि बढाउनुपर्छ', उनको तर्क थियो । उनले समृद्ध नेपाल निर्माणको सपना साकार पार्न आफ्नो पार्टीले सङ्कल्प यात्रा थालेको बताउँदै देश र जनताको स्वाभिमानलाई झुक्न नदिने गरी उत्साहजनक ढङ्गले यात्रा अघि बढिरहेको जनाउँदै खुसी व्यक्त गरे । कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्य गोकुल बाँस्कोटाले युवा पलायन भइरहेको वर्तमान अवस्थामा कृषियोग्य जमिनमा उपजका लागि सिँचाइ र चिस्यान केन्द्र व्यवस्थापन गर्न सके देशको जनशक्ति रोक्दै जान सकिने धारणा राखे । एमाले अध्यक्ष ओलीको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षद्वय युवराज ज्ञवाली, रामबहादुर थापा, विष्णु पौडेल, सुरेन्द्र पाण्डे, महासचिव शङ्कर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, सचिवहरु, स्थायी कमिटी, पोलिटब्यूरो, केन्द्रीय कमिटी सदस्य, प्रदेश कमिटीलगायत नेताहरु, प्राविधिक तथा विज्ञ सम्मिलित टोली सङ्कल्प यात्रामा छन् । बैतडीको झुलाघाटबाट यही मङ्सिर १४ गतेदेखि सुरु भएको यात्रा आउँदो पुस १ गते पाँचथरको चिवाभञ्ज्याङ पुग्ने कार्यक्रम छ ।

# चिसोले श्वासप्रश्वासका बिरामी बढे

**मधेशदृष्टि महोत्तरी ।** पछिल्लो केही दिनयता चिसो बढेसँगै महोत्तरीमा श्वासप्रश्वासका बिरामी बढेका छन् । चिसो बढेपछि श्वासप्रश्वास सम्बन्धि समस्या लिएर अहिले दैनिकजसो सरदर ३०÷४० जना बिरामी उपचारका लागि आउने गरेको बर्दिबास अस्पतालका मेडिकल अधिकृत डा किशोर अधिकारी जानकारी दिए । उनले भने, 'गत साताँदेखि नै अस्पतालमा बिरामी बढेका छन्, अहिलेका बिरामीमा श्वासप्रश्वास र हाडजोर्नी दुख्ने समस्याका बढी भेटिएका छन् ।' बढ्दो चिसोमा आवश्यक सावधानी नअपनाइँदा बिरामीको संख्या बढेको उनको भनाइ छ । श्वासप्रश्वासका बिरामीहरुमा ग्रामीण बस्तीका वृद्धवृद्धा र महिला बढी रहेका छन् । जिल्ला सदरमुकाम जलेश्वरस्थित जलेश्वर जिल्ला अस्पताल, गौशाला र सम्सीस्थित प्राथमिक स्वास्थ्य केन्द्र र जिल्लाका १५ वटै स्थानीय तहमा रहेका स्वास्थ्यचौकी र अन्य निजीस्तरमा सञ्चालित अस्पतालमा पनि श्वासप्रश्वास र आँखाका बिरामी आउने क्रम बढेको छ । अस्पतालका मेडिकल अधिकृत डा चन्द्रमणि खतीले मौसमअनुसार खानपान अन्य आहारव्यवहारमा ध्यान नदिँदा श्वासप्रश्वास, हाडजोर्नी दुख्ने र आँखाका बिरामी बढेको बताए । जिल्लाका सबैजसो मुख्य सडकमा उड्ने धुलो, जाडो छल्न प्लाष्टिक, भिजेका पतिङ्गर, पुराना टायर र फोहर लुगामा आगो सल्काएर तापिने 'घुर'को धुँवाले श्वासप्रश्वास र आँखाको समस्या बढाएको स्वास्थ्य कार्यालय महोत्तरीका निमित्त प्रमुख सुनिता गुप्ताले जानकारी दिइन् । जिल्लाको मध्य र दक्षिणी भेगमा यस्तो समस्या दलित र गरिबका झुपरबस्ती (पराले झुप्राका बस्ती)मा बढी देखिएको उनको भनाइ छ । चिसो बढेसँगै धुलो र धुँवाका कारण बढेको स्वास्थ्य समस्या आहारव्यवहारबाट नियन्त्रण गर्न सकिने चिकित्सक र स्वास्थ्यकर्मीको भनाइ छ । 'घरबाट निस्कनासाथ जतातातै धुलो उडिरहेको देखिन्छ, तर आम नागरिक मास्क लगाउने गर्दैनन्, यसले गर्दा श्वासप्रश्वाससँगै जटिल स्वास्थ्य समस्या बढ्ने गर्छन्' स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झाले भने । आहार, निद्रा, आन्तरिक र बाह्य सरसफाइ, श्रम तथा मौसमअनुसार लवाइ सन्तुलित गरे हम्मेसी कुनै स्वास्थ्य समस्या नआउने उनको भनाइ छ । यसैबीच महोत्तरीका स्वास्थ्य संस्थाले घमाधम सूचना प्रसारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहारसम्भारमा ध्यान दिन आग्रह गरेका छन् । घरमा आफ्नै वरपर पाइने सागपात र गेडागुडीको झोल खान, बिहान–बेलुका अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन, न्यानो ठाउँमा बस्न र घर वरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाको तर्फबाट सूचना जारी गरिएका छन् । यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लाष्टिक र चिसो इयास सल्काएर आगो नबाल्न आग्रह गरिएको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ । यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुँवाले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने स्वास्थ्य कार्यालय प्रमुख गुप्ताले बताए । चिसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरिब र दलित बस्तीमा बिहान–बेलुका जाडो छल्ने उपायका लागि काम गर्न स्थानीय तहसँग सामाजिक सङ्घसंस्थाले आग्रह गरेका छन् । जिल्ला समन्वय समितिको कार्यालय महोत्तरीले जिल्लाका १५ वटै स्थानीय तह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चिसोबाट बर्सेनी हुँदै आएको जनधनको क्षति यसपाली हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेको छ ।

# प्रदेश प्रमुख शर्मा अस्पताल भर्ना

**मधेशदृष्टि हेटौंडा ।** बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मा अस्वस्थ भई अस्पतालमा भर्ना भएका छन् । प्रमुख शर्मा शनिबार बिहानदेखि ज्वरो आएपछि अस्पताल भर्ना भएका हुन् । प्रदेश प्रमुख शर्माका प्रमुख स्वकीय सचिव पारसमणि फुयालका अनुसार शर्माको काठमाडौँस्थित हेल्पिङ ह्यान्ड्स सामुदायिक अस्पताल चाबहिलमा उपचार भइरहेको छ । स्वास्थ्य परीक्षणक्रममा प्रमुखमा निमोनिया पनि देखिएको फुयालले जानकारी दिए । उपचारत प्रदेश प्रमुख शर्माको स्वास्थ्य सुधारोन्मुख रहेको उनको निजी सचिवालयले जनाएको छ । प्रमुख शर्मालाई केहीदिन अस्पतालमै राखेर उपचार गर्नुपर्ने अस्पतालले जनाएको छ ।

# सीताराम अनाज प्रतिमा निर्माण सुरु



**मिश्रीलाल मधुकर जनकपुरधाम ।** जनकपुरधामको बाह्रबिघा (रंगभूमि)मा आइतबारदेखि धान, गहुँ, चना, मकै, भटमासलगायत ११ जातका अन्नबाट १ सय २१ फिट उचाइको सीताराम प्रतिमा निर्माण सुरु भएको छ । जनकपुरधामका नगर प्रमुख मनोज कुमार साहले प्रतिमा निर्माण शुभारम्भ गरे । ११ हजार १ सय ११ स्क्वायर फिट जग्गामा निर्माण हुन लागेको मूर्ति पुस २८ गतेसम्ममा निर्माण हुने मूर्तिकार सतीश गुर्जरले जानकारी दिए । सतीश गुर्जरले यसअघि अयोध्यामा १० हजार ८ सय स्क्वायर फिटमा अनाजबाट सीतारामको मूर्ति बनाएका छन् । यसका लागि वल्र्ड हार्वर्डले बुक अफ रेकर्डमा उनको नाम दर्ता गराएको छ । मध्यप्रदेशको हर्दा जिल्लाको कोकराबत गाउँका सतीश गुर्जरको आठ सदस्यीय टोली प्रतिमा निर्माणमा जुटेको हो । सीतारामको मूर्ति बनाउन १ सय १ क्विन्टल अन्न लाग्ने र यसको मूल्य १२ लाख ६८ हजारसहित २१ लाख २३ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# हाजिरी नै नगरी...........................

आइतबार मन्त्रालय फिर्ता पठाएको छ । पालिका अध्यक्ष महमद सउदले मन्त्रालयको नाममा पत्र नै लेखेर कर्मचारी यादव फिर्ता पठाए । अधिकृत यादव मन्त्रालयबाट कामकाज गर्न खटाइएका विषयमा गम्भीर ध्यानाकर्षण भएको बताउँदै उनले जनतासँग प्रत्यक्ष जोडिएको स्थानिय सरकारको सहमतिविना हप्तैपिच्छे प्रमुख प्रशासकीय अधिकृत फेरबदलले पालिकाको कामकाज अवरुद्ध भई जनतामा नकारात्मक असर परिरहेको दाबी पनि गरेका छन् । उनले मन्त्रालयबाट खटाइएका प्रमुख प्रशासकीय अधिकृत यादवलाई कामकाजमा खटाउन असमर्थ भएकाले हाजिर नगराई फिर्ता पठाइएको पत्र पनि पठाएका छन् ।

पछिल्लो समय सामान्य प्रशासन मन्त्रालयबाट रौतहटमा एउटै पालिकामा दुईजनासम्मलाई प्रमुख प्रशासकीय अधिकृतमा खटाइएको देखिएको छ । केही समयअघि मात्र वृन्दावन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा उपसचिव सुरेन्द्र प्रधान र स्वास्थकर्मी रासनारायण पटेललाई खटाएको थियो । दुईजना अधिकृतका कारण त्यहाँको मेयर उपमेयरबीच विवाद चर्केको थियो । सामान्य प्रशासन मन्त्रालय जनमत पार्टीको पोल्टामा परेदेखि नै त्यहाँ कर्मचारी सरुवामा आर्थिक चलखेल सुरु भएको गुनासो सुरु भएको छ । १० देखि १५ लाख रुपैयाँ खर्चेर कतिपय कर्मचारी पालिकाको प्रमुख प्रशासकीय अधिकृत सहजै रूपमा बनिरहेको रौतहटमा व्यापक चर्चा पनि छ । तर जनप्रतिनिधिले पनि शक्ति दुरुपयोग गरेर मन्त्रालयले पठाएका कर्मचारीलाई फर्काउँदा गलत सन्देश जाने पक्का छ ।

# क्रिकेटमा छनोट खेलाडीलाई जलेश्वरको सम्मान



**मधेशदृष्टि**
**महोत्तरी ।**
राष्ट्रिय महिला क्रिकेट खेलाडीलाई जलेश्वर नगरपालिकाले सम्मान गरेको छ । प्रधानमन्त्री कप महिला टी–२० प्रतियोगिताका लागि महोत्तरीबाट पूजा महतोलाई कप्तान छनौट गरेपछि सम्पूर्ण टिमलाई बधाईका ओइरो लागेको छ ।

जलेश्वर नगरपालिकाका नगर प्रमुख सुरेश साह सोनारले युवा क्रिकेट खेलाडीलाई जागरुक गर्ने उद्देश्यले राष्ट्रिय महिला क्रिकेट खेलाडी सम्पूर्ण टिमलाई सम्मान गरेका छन् । उनले आगामी दिनमा सफलताको उचाई चुम्न शुभकामना समेत दिएका थिए । जलेश्वर नगरपालिकाले पनि युवा खेलाडीलाई प्रोत्साहन गर्ने लक्ष्य लिएको आगामी आर्थिक वर्षदेखि खेलकुद र खेलाडीका लागि छुट्टै बजेट विनियोजन गरेर अगाडि बढ्ने साहले बताए । यस्तै, जलेश्वर नगरपालिका उद्योग वाणिज्य संघले महिला क्रिकेट टिमलाई महिलाको नेतृत्व गर्दै उदाहरणीय कार्य गरेको भन्दै प्रशंसा गरेको छ । यस्तै , महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा क्रिकेट खेल्ने खेलमैदान र क्रिकेट एकेडेमी सञ्चालन गर्न सहयोगको लागि जिल्ला क्रिकेट संघका अध्यक्ष र क्रिकेटर पूजा महतोले आग्रह गरिन् । उनले छोटो समयमै नेपाली महिला क्रिकेट टिममा अलराउन्डरका रुपमा उत्कृष्ट प्रदर्शन गरेकी छन् । महोत्तरीको गौशाला नगरपालिका वडा नम्बर ९ डुवरबन्ना घर भएकी क्रिकेटर पूजा राष्ट्रिय टिममा यसैबर्ष डेब्यू गरेकी हुन् ।

**पूजाको कप्तानीमा महोत्तरी टिम गठन**

प्रधानमन्त्री कप महिला टी २० का लागि महोत्तरीमा पूजा महतोको नेतृत्वमा टोली घोषणा गरिएको छ । आगामी पुस १ गतेदेखि हुने खेलका लागि महोत्तरीबाट उनको नेतृत्वमा टोली घोषणा गरिएको हो । टोलीमा पूजा कप्तान छन् भने उपकप्तानमा रोजी कदारी, सीमा कुँवर, आरती महतो, गोमा आले, मौसम झा, एञ्जिला भुजेल, सिन्धुकुमारी भुजेल, रोमिका लामा, नेहा मुखिया, ज्यास्मिन कार्की, अर्चना यादव, पुष्पा फुयाल, रानी सरार्फ र सानिया खातुन छन् ।

# अख्तियारको छानबिनपछि मालपोत हाकिम बिदामा



**मधेशदृष्टि**
**राजविराज ।**
पाइलैपिच्छे भइरहेको घुसखोरी धन्दाबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेसँगै त्रसित बनेका भूमिसुधार तथा मालपोत कार्यालय राजविराजका प्रमुख शिवशरण पण्डितले कार्यालय छाडेका छन् । उनी शुक्रवारदेखि नै अनिश्चितकालका लागि विदामा बसेका छन् ।

कार्यालयका निमित्त प्रमुख कालीप्रसाद साहले कार्यालय प्रमुख शुक्रवारदेखि विदामा रहेको भए पनि विदा कहिलेसम्म लिएको हो भन्ने विषयमा जानकारी नभएको बर्ता । 'हाजिर नभएसम्मका लागि विदामा जानुभएको छ' निमित्त प्रमुख साहले भने, 'कहिले आउनुहुन्छ भन्ने कुरा मलाई थाहा छैन ।' सचेत नागरिक (उजुरीमा उल्लेखित नाम)ले अख्तियारमा उजुरी दिएका छन् ।

घुस नदिँदा समान्य कामका लागि ३–४ दिन झुलाउने गरेको, विवरण समेत गलत पार्ने गरेको, एउटा फाँटमा घुस दिएर काम गराउदा पनि अर्को फाँटबालाले लालपूर्जा दिन अनाकानी गर्दै हप्ता दिन समय लगाउने गरेको र घुस दिँदा आजको आजै काम गर्ने गरेको उजुरीमा उल्लेख छ ।

उजुरीपछि आयोगले उल्लेखित विषयहरुमा १५ दिनभित्र छानविन गरी राय प्रतिक्रियासहितको प्रतिवेदन पेस गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई पत्राचार गरेको छ । सोअनुसार विभागले गत आइतवार मालपोत कार्यालयमा पत्राचार गरेको छ भने गलत कामकारबाहीहरु हुन नदिन कार्यालय प्रमुखलाई निर्देशन दिइएको छ । 'कहिकत्तै भए गरेको पाइएमा अविलम्ब कारबाही अगाडी बनाउनू' पत्रमा उल्लेख छ ।

# लैङ्गिक हिंसाविरुद्धको अभियान



**मधेशदृष्टि**
**सिरहा ।**
३२औं अन्तर्राष्ट्रिय महिला हिंसा विरुद्धको १६ दिने अभियान सम्पन्न भएको छ । 'लैङ्गिक हिंसा विरुद्धको अन्त्यको सुनिश्चितता ः महिला बालबालिकामा लगानीको ऐक्यवद्धता' भन्ने राष्ट्रिय नाराका साथ यही मंसिर ९ गतेदेखि शुरु भएको महिला हिंसा विरुद्धको १६ दिने अभियान सिरहाको भगवानपुर गाउँपालिकामा एक कार्यक्रम गरी सम्पन्न भएको हो । समग्र जनउत्थान केन्द्रको आयोजना र इन्सेक, मानव अधिकार रक्षक सञ्जाल, ओरेक, जीवन ज्योति समाज, साथ साथ सिकाइ सञ्जाल र प्रदेश युवा सञ्जाल लगायत संघ संस्थाको समन्वयमा कार्यक्रम समपन्न भएको हो । कार्यक्रममा भगवानपुर गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले गाउँपालिका मानव अधिकारको रक्षाको सवालमा सचेत रहेको बताए । महिला माथी हुने हिंसाहरू न्यूनीकरण गर्न संघ संस्थाहरूसँग सहकार्य गर्न तयार रहेको उल्लेख गर्दै उनले भने, 'तपाईहरू कार्यक्रम लिएर आउनुस म पालिकाको तर्फबाट निर्णय गर्न तयार रहेको छु ।' कार्यक्रममा उपाध्याक्ष रेखा यादवले न्यायीक समिति मार्फत आएका महिला हिंसाका घटनाहरू समयमै मिलाउने गरेको जानकारी दिइन् । इन्सेक प्रतिनिधि दुर्गा परियारले स्थानीय तहहरूले लैङ्गिक नीति बनाएर हिंसा न्यूनीकरण गर्न सक्रे र लैङ्गिक हिंसा निवारण कोषलाई क्रियाशील बनाई हिंसा पीडितहरूलाई सहयोग गर्न सुझाव दिएकी थिइन् ।

# सहिद परिवारलाई राहत



**मधेशदृष्टि**
**राजविराज ।**
७५ औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा मलेठ घटनाका सहिद परिवारलाई तराई मधेश महिला फाउन्डेसन नेपालकी अध्यक्ष सुनिता साहले राहत वितरण गरेकी छन् ।

सहिद वीरेन्द्र महतोका पत्नी रञ्जना देवी महतोलाई राहतस्वरुप एक बोरा चामल, बालबच्चालाई ४ दर्जन कपी, पेन्सिल, कटर, लेजर, बिस्कुट सामग्री प्रदान गरिएको हो । सप्तरीको मलेठमा प्रहरी आक्रमणमा ५ जनाको मृत्यु भएको थियो ।

२०७३ साल फागुन २३ तत्कालीन नेकपा एमालेले मेची महाकाली अभियानको कार्यक्रममा प्रहरीको गोली लागेर मलेठका पिताम्बर मण्डल, सञ्जन मेहता, वीरेन्द्र महतो, प्रसवनीका आनन्द साह र जमुनी मधेपुराका इनर यादवको मृत्यु भएको थियो ।

# सशस्त्रद्वारा दुई करोड बढीको सामग्री नियन्त्रणमा



**मधेशदृष्टि ।**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गण पर्साले पछिल्लो तीन महिनाको अवधिमा २ करोड ४२ लाख रुपैयाँभन्दा बढीको अवैध सामग्री नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल नेपाल पर्साको नेतृत्व सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यले सम्हालेदेखि हालसम्म दुई करोड ४२ लाख ५९ हजार रुपैयाँ बराबरको अवैध सामग्री नियन्त्रणमा लिइएको हो ।

गत भदौ २० गतेदेखि मंसिर २० गतेसम्म दुई करोड २५ लाख रुपैयाँ बराबरको लत्ताकपडा, किराना, हार्डवेयर र इलेक्ट्रोनिक्स सामान नियन्त्रणमा लिएको सशस्त्र प्रहरीले दश लाख नगद बरामद गरिएको जनाएको छ । त्यसैगरी सात लाख ५५ हजार रुपैयाँ बराबरको ३१५.१२ क्यूबिक फिट अवैध काठ पनि बरामद गरिएको छ । सशस्त्र प्रहरी बल पर्साको तथ्यांकअनुसार बिलविजक भन्दा फरक एवम् बढी सामग्री भएका तथा प्रज्ञापन पत्र बिना सामान ढुवानी गरी राजस्व छलीमा संलग्न रहेका विभिन्न सवारी साधन पनि नियन्त्रणमा लिइएको छ । एउटा ट्याक्टर र दश वटा ट्रक नियन्त्रणमा लिइएको तथ्यांकमा उल्लेख छ । सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गण तथा मातहतका पर्सा जिल्लाका सशस्त्र प्रहरी युनिटहरुले प्रतिबन्धित लागूऔषध पनि बरामद गरेका छन् । तीन महिनाको अवधिमा १.१ किलोग्राम गाँजा, १.२ किलोग्राम चरेस, डाइजेपाम १ एम्पुल, फेनार्गन ६ एम्पुल, नुर्फिन ४ एम्पुल र २२५ ट्याबलेट नाइट्रोभेट बरामद गरिएको सशस्त्र प्रहरी बल पर्साले जनाएको छ । यही अवधिमा विभिन्न अपराधिक एवम् गैरकानुनी गतिविधिमा संलग्न रहेका ६५ जनालाई सशस्त्र प्रहरीले पर्साका विभिन्न स्थानबाट पक्राउ गरेको छ ।

# नागरिकताका लागि गाउँमै टोली

**मधेशदृष्टि**
**सिरहा ।**
रोगका कारण थलिएको शरीर र अनुहार चाउरी परेपछि बल्ल नागरिकता पाउँदा धनगढीमाई नगरपालिका–१४ सर्रे अम्बासकी ७० वर्षीय आसमान राईको अनुहारमा खुसीका लहर छाएको छ ।

नागरिकताको प्रमाणपत्र ज्येष्ठ नागरिकको हैसियतमा अब प्राप्त हुने सामाजिक सुरक्षा भत्ताका कारण उनी खुशी छन् । अठसठ्ठी वर्षको उमेरमा प्राप्त हुने उक्त भत्ता पाउन आशामायालाई पहिल्यै नागरिकता बनाउने रहर नलागेको पनि होइन तर दुर्गम गाउँदेखि पटक–पटक सरकारी निकाए धाएर नागरिकता बनाउन उनलाई त्यति सहज पनि थिएन । अहिले भने धनगढीमाई नगरपालिका—१४ को वडा कार्यालयमै युएनडिपीको संस्थागत सुधारमार्फत न्यायमा पहुँच अभिवृद्धि परियोजना—२ अन्तर्गत लहानस्थित समग्र जन–उत्थान केन्द्र र धनगढीमाई नगरपालिकाको संयुक्त आयोजनमा गत हप्ता आवश्यक कागजात गाउँमै पुगेर सङ्कलन गरिएपछि भने आशामायाको नागरिकता बनाउने सपना पूरा भएको हो ।

'सजिलै हिँडडुल गर्न पनि सक्दिनँ । दमको बिरामी छु । दैनिक औषधी सेवन गर्नुपर्छ । नागरिकता नपाइ मर्छु कि भन्ने लागेको थियो' गाउँमै नागरिकता पाएपछि आशामायाले भने, 'मेरो सम्पत्ति भन्नु अब यही (नागरिकता) हो । गरिब थिएँ, दुःखी थिएँ, अब धनी भएँ । अत्यन्त खुसी लागेको छ । अब अलिलामो समय बाँच्छु की जस्तो आशा जागेको छ ।' नागरिकता प्राप्ति पछि सामाजिक सुरक्षा भत्ताबापतको रकम अब कहिले पाउँछु भन्नेमा उनको चासो थियो । अब आशामायाको सामाजिक सुरक्षा भत्ताको लागि बाटो खुलेको वडासचिव रामउद्गार यादवले बताए । त्यसका लागि नगरपालिकाबाट राष्ट्रिय परिचयपत्र बनाइ अन्य आवश्यक कागजात वडामा यही मंसिर महिनाभित्रमै पेस गरेमा पुस महिनादेखि उक्त भत्ताबापतको रकम निजलाई प्रदान गर्न सकिने उनले जानकारी दिए ।

सजिलै हिँडडुल गर्न तथा स्पष्ट बोल्नसमेत नसक्रे अवस्थामा गाउँमै नागरिकता पाएका सोही वडाका अपाङगता भएका व्यक्ति अम्मरबहादुर मगरले पनि शारीरिक हाउभाउबाट खु◌ु◌ुसी व्यक्त गरे । करिब तीन घण्टा अपाङ्गता भएका दाइलाई बोकेर वडासम्म ल्याइएको भाइ पूर्णबहादुर मगरले बताए ।

'वडासम्म आउन यति कष्टपूर्ण छ, झन इलाका प्रशासन कार्यालयसम्म पटक–पटक धाएर नागरिकता बनाउन मुस्किल थियो । यहीँ (गाउँमै) नागरिकता बन्यो, खुसी लागेको छ ।' सरकारले गाउँमै आएर सेवा दिएकामा उनले आभारसमेत व्यक्त गरे ।

धनगढीमाई नगरपालिका—१२, १३ र १४ का नागरिकले नागरिकता बनाउन इलाका प्रसासन कार्यलय लहान जानुथ्र्यो । भौगोलिकरुपमा विकट तथा आर्थिक रुपमा कमजोर नागरिकले नागरिकताका लागि प्रशासन कार्यालयमा दुई÷चार पटक धाउदा पनि नबनेपछि झन्झट मानेर बीचमै प्रक्रिया छाडी हिँड्ने गरेको पाइएपछि जिल्ला प्रशासन कार्यालय र लहान इलाका प्रसासन कार्यलयको समन्वयमा कर्मचारीको टोलीसहित गाउँमै गएर नागरिकताको लागि आवश्यक कागजत सङ्कलन गरिएको धनगढीमाई नगरपालिकाका उपप्रमुख सङ्गीताकुमारी चौधरीले बताइन् । 'निम्न आर्थिक अवस्थाका नागरिक नागरिकताका लागि दिन माया मारेर प्रशासन कार्यालय धाउदा पनि आवश्यक कागजात र प्रक्रिया मिलाउन नसक्दा दूरदराजका गाउँमा नागरिकता नै नबनाउने समस्या देखा परेको थियो । संविधानले नै प्रत्येक नागरिकको हकको अधिकार सुनिश्चित गरे पनि विविध कारण नागरिकता बनाउन नसक्दा उनीहरु सरकारी सुविधाबाट वञ्चित छन्' उपप्रमुख चौधरीले भने, 'जनप्रतिनिधिको हिसाबले नागरिकलाई नजिकैको सरकारको अनुभूि◌त दिलाउन जनताको घरदैलोमै गएर सेवा प्रवाह गर्नुपर्छ भन्ने मान्यताले पहल गरेकी हुँ । अहिले गाउँमै वृद्धवृद्धा आमा–बुवा, एकल महिला, अपाङ्गता भएका व्यक्तिलगायतले सहजरूपमा नागरिकता पाउँदा उहाँहरु जति खुसी हुनुहन्छ, त्योभन्दा बढी खुसी र सन्तुष्टि मलाई लागेको छ ।"

नागरिकताका लागि गाउँमै कागजात सङ्कलनका क्रममा कुनैपनि कागजात नहुनेको लागि वडाको जनप्रतिनिधि भएको नाताले आफूले सार्वजनिक सरजमिनका आधारमा सनाखद गरिदिएको वडा नं १४ का अध्यक्ष अमित ठकुरीले बताए । उनकाअनुसार उक्त वडामा मात्र कागजातविहीन २६ जनाको सनाखद गरिएको छ ।

नागरिकताका लागि आवश्यक कागजात नहुनेहरुका लागि नेपाल नागरिकता (दोस्रो संशोधन) नियमावली, २०७८ अनुसार नेपालमा जन्म भई निरन्तररूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको व्यहोरा खुल्ने गरी स्थानीय तहको प्रतिनिधिको रोहबरमा अनुसूची—५ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाको◌े स्थलगत सरजमिनका आधारमा नागरिकता बनाउन सकिने व्यवस्था गरिएको छ ।

नागरिकताको लागि आवश्यक कागजात र सरजमिनको निवेदनसहित तीन वटै वडाबाट गतहप्ता एक सय ४६ जनाले निवेदन दिएका थिए । जसमध्ये प्रमाण नपुगेका २५ जना बाहेकको नागरिकता तयार भएकोले गाउँमै गएर शनिबार वितरण गरिएको इलाका प्रसासन कार्यलयका प्रमुख लीलाकान्त पौडेलले जानकारी दिए ।

उनका अनुसार तीनवटा वडामा गरी जम्मा आठ जना अपाङ्गता भएका नागरिकले नागरिकता पाएका छन् । ग्रामीण भेगका नागरिकताविहीन असाहय, दलित, अपाङ्गता, एकल महिला, वृद्धवृद्धा तथा आर्थिक अवस्था कमजोर भएका निम्नवर्गका नागरिकलाई यस अभियानले उत्साह जगाएको समग्र जन–उत्थान केन्द्रका परियोजना संयोजक चन्दनकुमार कर्णले बताए ।



कहिलेकहीँ आफ्नै सुरमा बाँच्न मन लाग्छ, कुनै अभिलेख नराख्ने गरी।
–ज्याकी केनेडी

## सम्पादकीय

# बेरुजु नउठ्नुको दोषी को ?

महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७९को अनुसार पर्साका १४ वटै पालिकाहरूमा ६ अर्ब ९६ करोड ४३ लाख ३२ हजार रुपैयाँ बेरुजु देखिएको छ । बेरुजु मध्ये जिल्लाका पालिकाहरूमा २०७९ आषाढ ३२ गते सम्म कार्यरत कार्यालय प्रमुख तथा लेखा प्रमुखको नाममा १ अर्ब ३३ करोड ५७ लाख ५५ हजार ९ सय ६३ रुपैयाँ ३२ पैसा बेरुजु देखिएको छ । पालिकाहरूले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, फर्म स्थानीय सरकार सञ्चालन ऐनमा बेरुजु फछर्यौंट गर्ने व्यवस्था छ । सोही ऐनको दफा ८४ (२) (घ) बमोजिम बेरुजु फछर्यौंट गर्ने गराउने कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था भएपनि कुनैपनि प्रमुख प्रशासकीय अधिकृतले बेरुजु असुल गर्ने तर्फ तदारुकता नदेखाएको महालेखाको प्रतिवेदनले पुष्टि गरेको छ । पालिकाहरूको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनले औँल्याएको छ । धेरैजसो बेरुजु देखिएको रकमको शीर्षकमा प्रमाण कागजात पेस नगरेको, पेस्की बाँकी, असुल गर्नुपर्ने र नियमित गर्नुपर्ने लगायत छन् ।

कुनै पनि पालिकामा बेरुजु हुनुको मुख्य कारण तत्व विभिन्न छन् । कार्यक्रम लगेकाहरुले पनि समयमा हिसाब फछर्यौट नगरिदिँदा पनि बरुजु रहने गरेको छ । प्रमुख प्रशासकीय अधिकृत पनि स्थायी नहुनु, निमित्त प्रशासकीय अधिकृतको भरमा पालिकाको कार्यालय सञ्चालन भइरहेकोले पनि बरुजु उठन नसकेको देखिन्छ । राजनीतिक दबाब र पहुँचको भरमा कुनै पनि पालिकामा लामो समयसम्म अधिकृत बस्न नसक्दा बेरुजुको चाङ बढ्दै गइरहेको छ । मधेश प्रदेशका कतिपय पालिकाका प्रमुख÷अध्यक्ष र अधिकृतहरु भ्रष्टाचार आरोपमा निलम्बनमा परेका छन्, कतिपयमाथि भ्रष्टाचारको आरोपमा अख्तियारमा मुद्दा दायर भएको छ । यी सवै प्रकरणले पनि पालिकामा भ्रष्टाचार व्यापत् रहेको बुझ्न सकिन्छ । पालिकाका कुनैपनि कार्यक्रम वितरणमा राजनीतिक गन्ध आएकै हुन्छ । पालिका प्रमुख÷अध्यक्षहरुको दबाबमा प्रमख कार्यकारी अधिकृतहरुले उनीहरुका आफ्नो–आफ्न्त, पार्टीका नेता तथा कार्यकर्ताका, आसेपासे, निकटस्थलाई कार्यक्रम वितरण गरिरहेका हुन्छन् ।

पछि ती कार्यक्रमको हिसाव फछर्यौटमा उनीहरुले खासै ध्यान नदिएको पनि पाइन्छ । नेता, कार्यकर्ता, प्रमुख÷अध्यक्ष र प्रशासकीय अधिकृतको 'सेटिङ'मा वितरण गरिएको कार्यक्रमको बेरुजु बढ्दै गएको देखिन्छ । कमिसनतन्त्रमा चलेको कतिपय पालिकाको आर्थिक कामकारवाहीबाट राज्यले कति क्षति व्यहोरेको छ र जनता उनीहरुको कामबाट कति निरास छन्, यसको हिसाब कसले गुर्ने, बेरुजु कसले उठाउने ? बेरुजु बढ्नु र नउठ्नुको मुख्य दोषी पालिका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नै देखिएका छन् ।

# अर्थपूर्ण सहभागितामा चुनौती



**पुष्पकमल दाहाल 'प्रचण्ड'**

१० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसंघको महासभाबाट पारित मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणालाई मानव अधिकारको क्षेत्रमा सबै राष्ट्र तथा समुदायको साझा उपलब्धी र आधारभूत मापदण्डको रूपमा लिइन्छ। यो घोषणा जारी हुँदा नेपाल संयुक्त राष्ट्रसंघको सदस्य नभए पनि मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी महासन्धिद्वारा व्यवस्था गरिएका सबै प्रकारका अधिकारहरूलाई नेपालको संविधानमा मौलिक हकको रूपमा प्रत्याभूत गरेको विदितै छ।

लोकतन्त्रको स्थापनाका लागि नेपाली जनताले गरेको पटक पटकको संघर्षको परिणामस्वरूप जननिर्वाचित प्रतिनिधिहरू रहेको संविधानसभाले निर्माण गरेको नेपालको संविधानले समावेशी लोकतन्त्रको अवलम्बन गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछाडि पारिएका र वञ्चितिकरणमा परेका उत्पीडित, अल्पसंख्यक र सीमान्तकृत समुदायको अस्तित्वको पहिचान, स्वतन्त्रता, समानता र न्यायको प्रत्याभूतिका लागि समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेदको नीतिलाई आत्मसात गरेको छ। राजनीतिक अधिकारको सन्दर्भमा समावेशी प्रतिनिधित्वको नीति सकारात्मक देखिए पनि अर्थपूर्ण सहभागिताको विषय अझै पनि चुनौतीपूर्ण रहेको छ।

त्यसैगरी द्वन्द्वकालमा घटेका मानवअधिकार उलङ्घनका घटनाको छानविन गर्न गठित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको कामलाई संक्रमणकालीन न्यायका मान्य सिद्धान्तअनुरूप प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि विद्यमान कानुनमा परिमार्जन र संशोधन गर्न संघीय संसदमा विधेयक पेश गरिएको छ।

राज्यको साधन स्रोतको सीमितताका वावजुद संविधानमा प्रत्याभूत गरिएका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनको विषय थप चुनौतीपूर्ण छ। यस स्थितिमा नेपालको इतिहासमा पछिल्लो दशकमा भएका ऐतिहासिक परिवर्तनबाट प्राप्त महत्वपूर्ण राजनीतिक उपलब्धीहरूको जगमा मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गरी विद्यमान वर्गीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक विभेद तथा असमानता अन्त्य गरी समतामूलक समाज निर्माण गर्नका लागि इमान्दाररूपले सत्प्रयास गर्नु हामी सबैको कर्तव्य हुन आउँछ।

नेपालमा मानव अधिकारको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रमा परेका विषयमा तत्तत् तहका सम्बन्धित निकायको स्पष्ट कार्य जिम्मेवारीसहितको पाचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको तर्जुमा गरी संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक माध्यमबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। त्यसैगरी मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमा नेपालले स्वीकार गरेका सिफारिस कार्यान्वयनको चरणमा रहेका छन्।

मानव अधिकारहरूको सम्मान, संरक्षण र प्रवद्र्धन गर्नका लागि नेपाल सरकारले राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य संवैधानिक आयोगहरू, राज्यका विभिन्न निकायहरू, संयुक्त राष्ट्रसंघ मातहतका अन्य निकाय, गैरसरकारी संघसंस्था तथा नागरिक समाजसँग समन्वय गरी सहकार्य गर्दै आएको छ। आजको यस विशेष दिनमा सबैका लागि स्वतन्त्रता, समानता र न्यायको सुनिश्चितता गर्न मानव अधिकारको संरक्षण, संवद्र्धन र परिपालना गर्ने नेपाल सरकारको प्रतिबद्धता पुनः दोहो¥याउन चाहन्छु।

सूचना प्रविधिको विकासले मानव समाजलाई थप सहज र सरल बनाएको भए पनि प्रविधिको असमान विकासले यसको पहुँच र प्रयोगमा विभेद सिर्जना गरेको छ। प्रविधिको विकासले सामाजिक र सांस्कृतिक मूल्य मान्यतामा पनि नयाँ–नयाँ समस्या र चुनौतीहरू थपिएका छन्। विश्वव्यापीकरण र खुला बजारमा हुने अस्वस्थ प्रतिस्पर्धाका कारण वस्तु र सेवाको उत्पादनदेखि उपभोक्तासम्म पुग्ने आपूर्ति श्रृंखलाका विभिन्न चरणमा संलग्न श्रमिक र सीमान्तकृत समुदायको आधारभूत मानव अधिकारको सुनिश्चितताको विषय थप चुनौतीपूर्ण बन्न पुगेको छ। विश्वका विभिन्न ठाउँहरूमा भइरहेका सशस्त्र संघर्ष र युद्धका क्रममा महिला, बालबालिका र ज्येष्ठ नागरिक लगायतका गैरसैनिक सर्वसाधारण एवम् घाइते तथा बन्दीहरूको आधारभूत मानव अधिकारको संरक्षणको सन्दर्भमा मानव अधिकारको विश्वव्यापी घोषणाको कार्यान्वयनको सान्दर्भिकता अझै टड्कारो बन्न पुगेको छ।

यस परिवेशमा मानव अधिकारका आधारभूत मूल्य मान्यताहरूलाई वर्तमान समयका समस्या र चुनौतीहरूको सम्बोधन गर्ने गरी समयानुकूल परिमार्जन र परिस्कृत गर्दै मानव अधिकारको विश्वव्यापी घोषणालाई पुनर्ताजगी दिने कार्यमा अन्तर्राष्ट्रिय समुदायको आपसी सहयोग र सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखेको छु। अन्त्यमा, तीनवटै तहका सरकारका विभिन्न अङ्ग र निकायहरू, संवैधानिक आयोगहरू, मानव अधिकार रक्षक लगायतका नागरिक समाज, राजनीतिक दल एवं विभिन्न पेशा, व्यवसाय र समाज सेवामा संलग्न संघसंस्था लगायत सबैको साझा प्रयास, सहयोग र समन्वयमा नेपालमा मानव अधिकारको अवस्था थप सुदृढ र प्रभावकारी बनाउन आजको दिनले प्रेरणा दिने अपेक्षा गर्दै मानव अधिकार दिवसको उपलक्ष्यमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

# मानवअधिकारमा नआएको सुधार



**कालिका खड्का**

नेपालको संविधान र कानुनले सबै जाति, वर्ग, लिङ्गबीच समानता कायम गर्ने व्यवस्था गरे पनि व्यवहारमा पूर्णरूपमा कार्यान्वयन हुन सकेको छैन। समाजमा अहिले पनि विभेद, हत्या, हिंसा, बलात्कार, हत्या, जातीय छुवाछूतदेखि वादी, छाउपडीजस्ता कुप्रथा पूर्णरुपमा अन्त्य हुन सकेको छैन। विस्तृत शान्ति सम्झौताको ा १७ वर्ष पूरा भए पनि पीडितहरू अहिले पनि न्यायको आशामा छन्। स्वास्थ्योपचार, शिक्षा र रोजगारी भएमात्र पुग्ने पीडितको माग छ तर त्यसतर्फ राजनीतिक दलका नेताको ध्यान जान सकेको छैन।

मानवअधिकारकर्मी चरण प्रसाईँलाई मानव भएर जन्मिएपछि मानव अधिकारको उपयोग गर्न पाउनुपर्छ भन्ने लाग्छ। सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन ढिलाइ भएकाप्रति उन त्यतिकै चिन्तित छन्। 'दशवर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भएको यतिका वर्ष भयो तर शान्ति प्रक्रियाको एउटा न्याय पाउने काम अहिलेसम्म पूरा हुन सकेन,' उनले भने, 'पीडितलाई न्याय दिने कार्यमा सबैले ध्यान दिनुपर्छ, विगतका त्यस्ता कहालीलाग्दा घटना नदोहोरिने सुनिश्चितता पनि गर्नुपर्छ।' शान्ति सम्झौताअनुसार राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिएर द्वन्द्वपीडितलाई न्याय दिनुपर्ने उनको लामोसमयदेखि निरन्तर माग छ।

द्वन्द्वपीडितले न्याय पाउन नसक्नुमा सङ्क्रमणकालीन ऐन संशोधन ढिलाइ हुनु पनि हो। लामो समयदेखि ऐन संशोधनको काम सुरु गरिए पनि दलहरुबीचको सहमति जुटाएर काम पुरा हुनसकेको छैन। यसवर्ष १५ औँ मानवअधिकार महाभेलाको शुक्रबार उद्घाटन गर्ने क्रममा सभामुख देवराज घिमिरेले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक संसदको आगामी अधिवेशनबाट पारित हुने विश्वास व्यक्त गरे। 'विधेयक छलफलका क्रममा कानुन समितिमा छ, त्यसलाई निश्कर्षमा टुङ्ोगोमा पु¥याउने अधिकार उनीहरुलाई छ,' सभामुख घिमिरेले भने, 'राजनीतिक दलहरुबीच सहमति जुटाउने विषयमा म पनि लाग्छु, पीडितलाई न्याय दिने काममा ढिलाई गर्न हँुदैन।'

दशवर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ। विस्तृत शान्ति सम्झौताकै बँुदा नं ५.२.२ मा 'आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मन्जुर गर्दछन्' भनिएको छ।

शान्ति सम्झौताअनुरुप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्न मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग २०७१ माघ २७ गते गठन ग¥यो। सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने। सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले उजुरी सङ्कलन गर्ने काम गरे तर बाँकी काम अघि बढाएर सत्य तथ्य छानबिन गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिने काम हुनु कसेको छैन। अहिले दुवै आयोग पदाधिकारीबिहिन अवस्थामा छन्।

एकातिर शान्ति प्रक्रियाको काम पूरा हुन सकेको छैन भने उर्कोतिर समाजमा अहिले पनि आर्थिक अभाव, शिक्षा तथा सेतनाको अभावले हिंसा हत्या र बलात्कारका घटनामा कमी आउन सकेको छैन। राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७९–८० को वार्षिक प्रतिवेदनमा मानवअधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा एकसय उजुरी दर्ता भएका छन् भने न्यायका लागि सम्बन्धित निकायमा पहल गरिदिन भनी दर्ता भएका एक हजार ३० वटा निवेदनमाथि पत्राचार तथा पीडितहरुलाई परामर्श सेवा प्रदान गरिएको छ। आयोगले मानवअधिकारसँग सम्बन्धित विषयमा २ सय २० पटक अनुगमन गरेको छ। आयोगले पुराना र नयाँ गरी ४ सय ३ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ भने १३ वटा नीतिगत र १ सय २ वटा उजुरीगत सिफारिसहरू गरेको छ। आयोगबाट जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र सम्बृद्धिको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवद्र्धन कार्यलाई विशेष प्राथमिकतामा राखी सम्बद्र्धनसम्बन्धी काम गरिरहेको छ।

मानवअधिकार संरक्षणका लागि आयोगले निरन्तर काम गरिरहेको भए पनि मानवअधिकारको अवस्था सन्तोष मान्न सक्ने अवस्था नभएको आयोगका अध्यक्ष तपबहादुर मगरको भनाइ छ। 'मानव अधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानव अधिकारको संरक्षण र सम्बद्र्धन गर्न आयोगले निरन्तर गरिरहेको छ,' उनले भने, 'सङ्क्रमणकालीन न्यायको काम बाँकी नै छ, समाजमा शान्ति अमनचयन काम हुन सकेको अवस्था छैन।' उनले आयोगले राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरेर काम गर्दै आइरहेको स्पष्ट पारे।

आयोगले गत आर्थिक वर्षको प्रतिवेदनमा आयोगले हालसम्म परेका उजुरीको अनुसन्धान गरी २८ करोड १३ लाख एक हजार एकसय ७९ रुपैयाँ क्षतिपूर्तिका लागि पीडितको नाममा सरकारलाई सिफारिस गरेको भए पनि सरकारबाट हालसम्म करिब सात करोड रुपैयाँ मात्र पीडित क्षतिपूर्ति भएको उल्लेख छ।

आयोगले हालसम्म एक हजार चार सय सात वटा सिफारिस गरी कार्यान्वयनका लागि सरकार र सम्बन्धित निकायलाई पठाइएकामा आयोगको तथ्यांकअनुसार १५.३ पूर्ण, ३९.२ प्रतिशत आंशिक र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन नभएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार सरकारले आयोगका सिफारिसलाई कार्यान्वयन गर्ने विषयमा उदाशीनता देखिएको छ। जसले गर्दा पीडितले न्याय पाउने काम कठिनाई देखिएको छ। मानवअधिकार हनन् भयो भने आयोगमा गएर उजुरी गरेपछि न्याय पाइन्छ भनेर आयोगले पूर्णरुपमा पीडितलाई बुझाउन र भन्न सक्ने अवस्था देखिदैन। जुन निराशाजनक अवस्था हो।

आयोगको प्रतिवेदनमा राज्यका निकायहरुबीच कामकारबाहीमा आपसी समन्वय र सहकार्य हुन नसक्नुले गर्दा पनि मानवअधिकारको क्षेत्रमा उल्लेख्य सुधार हुन नसकेको उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, 'राज्यका निकायहरुबीच सरकारी–सरकारी, सरकारी–गैरसरकारी र गैरसरकारी–गैरसरकारीबीच समन्वय र सहकार्यमा समस्या देखिएको छ, जसले गर्दा सोचेअनुरुप परिणाम आउन सकेको छैन।'

प्रतिवेदनले अहिले पनि समाजको ठूलो हिस्सा रुढीग्रस्त मानसिकताबाट ग्रस्त भएको देखिएको छ। 'नेपालको समाजको ठूलो हिस्सा अहिले पनि रुढीग्रस्त मानसिकताबाट ग्रस्त छ, कानुन, न्याय, स्वतन्त्रता, समानतालगायत विषय उठान भएपनि व्यवहारतः समाज जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथाबाट मुक्त हुनसकेको छैन,' प्रतिवेदनमा भनिएको छ 'यसको बढी मार दलित, महिला, बालबालिका र आर्थिकरुपमा विपन्न समुदायमाथि पर्न गएको देखिन्छ।' जातीयताका आधारमा अहिले पनि ठूलो र सानो जाति भन्ने, पानी चल्ने र नचल्ने अवस्था कायम रहेको आयोगको प्रतिवेदनमा छ।

नेपालको संविधानमा ३१ वटा नागरिकको हकका लागि मौलिक हकको व्यवस्था गरिएको छ। तीन वर्षभित्र कानुन बनाएर कार्यान्वयनमा ल्याउने भनिएको थियो। कानुन बने तर नियमावली बनेर अझै कार्यान्वयनमा आउन सकेको छैन। यसले गर्दा नागरिकले पाउनु पर्ने संवैधानिक हकको पनि उपयोग गर्न पाएका छैनन्।

पचहत्तरआँ ै अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको राष्ट्रिय नारा 'भविष्यमा मानवअधिकार संस्कृतिलाई एकीकृत र दिगो बनाउँदै लैजाऔँ' भन्ने नाराका साथ यो वर्ष मानवअधिकार दिवस नेपाल भर मनाइँदैछ। मानवअधिकार दिवस प्रत्येक वर्ष डिसेम्बर १० का दिन मनाइन्छ। अर्थात् मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिन सन् १९४८ डिसेम्बर १० लाई आधार मानेर मनाउने गरिएको हो। सोही दिन विश्वव्यापी मानवअधिकारको घोषणा भएको संस्मरण गर्दै प्रत्येक वर्ष यो दिवस मनाइने गरिन्छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।
सम्पर्कः ९८५५०२१२८१ -ह्वाट्स एप पनि_,
इमेलः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभ्का : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ, पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बढ्लान्।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्लेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ। कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# कानुन निर्माणमा सदन होइन सरकार असफलः रायमाझी



‘राष्ट्रियसभाको आगामी माघ ११ गते निर्वाचन हुँदैछ । सबै आउने सांसदहरू पार्टीको मतबाट आउने हुन् । यो सभा एक्लै गएर बैग्लै कुनामा बस्न सक्दैन । पार्टीका टिकट पाएर आएका जनप्रतिनिधिले मत पनि पार्टीगतरूपमा पाएर आउने हुँदा त्यहाँ सांसद सधैँ स्वतन्त्र हुन सक्दैन ।’

**रमेशजङ्ग रायमाझी**
राष्ट्रियसभाका सदस्य

- *राष्ट्रियसभाका असल संसदीय अभ्यासलाई प्रतिनिधिसभाले अवलम्बन गर्नुपर्छ*
- *दलीय ह्वीपका कारण सांसदहरूको भूमिका प्रभावकारी बनाउन चुनौती*
- *संसदीय समितिका निर्णय कार्यान्वयन गर्न सरकार अटेर गर्छ*
- *सरकारमा जाने दलहरुले आफ्नो जिम्मेवारी पूरा गरेको पाइदैन*

**काठमाडौँ ।**
राष्ट्रियसभाका सदस्य रमेशजङ्ग रायमाझीले सरकारले संसदीय समितिको निर्णय कार्यान्वयन गर्न अटेर गर्दै आएको गुनासो गरेका छन् । सार्वजनिक सुनुवाइ समिति र दिगो विकास समितिको सदस्यसमेत रहेका सांसद रायमाझीले समितिको निर्णय कार्यान्वयन गर्न सरकारले अटेर गरेको अनुभव सुनाए । ‘संसदीय समितिको निर्णय कार्यान्वयन गर्न सरकारले नसुनेजस्तो गर्ने रहेछ’ उनले भने । उनका अनुसार कतिपय अवस्थामा दुवै सदनका समितिहरूले दिने निर्देशनमा दोहोरोपनाले अन्योल सिर्जना गरेको छ । ‘एउटै विषयमा धेरै समितिले दोहोरो सुझाव दिइरहेका हुन्छन् । कुन विषयमा कुन समितिले कसरी सरकारलाई निर्देशन दिने पनि स्पष्ट छैन’ उनले भने, ‘एउटै विषयमा तीन–चारवटा समितिले बेग्ला–बेग्लै खालको निर्देशन जारी भएको छ । त्यसले गर्दा मन्त्रीहरूलाई पनि अन्योल र काम गर्न अप्ठयारो भएको हुनसक्छ ।’ राजनीतिसँगै चलचित्र निर्माण र व्यवसायसम्बन्धी अनुभव राख्ने नेपाली कांग्रेसका नेता रायमाझीले विसं २०३६, २०४२ र २०४६ मा जेल जीवन बिताए । विसं २०७४ मा राष्ट्रियसभा सदस्यका रूपमा निर्वाचित भएका सांसद रायमाझीको आगामी फागुन २० गते पदावधि सकिँदैछ । छ वर्षको लामो संसदीय अभ्यासबाट बिदा लिने समय नजिकिँदै गर्दा उनले भने, ‘म राजनीतिको सबैभन्दा ठूलो दोषबाट मुक्त भएर बिदा हुँदैछु । राजनीतिक दलका नेता, नेतृत्व र सांसदको प्रवृत्तिमा दोष लाग्दै आएको छ । त्यो कङ्लक बोकेर जानुपर्ने अवस्था छैन मेरो जीवनमा । नेतृत्व र जनप्रतिनिधिले गर्ने अनियमतिता, भ्रष्टाचार, कर्मचारीको सरुवा गर्ने दोषबाट जोगिएको छु ।’
उनले संसदीय अभ्यासभित्र जनप्रतिनिधिलाई काम गर्दैनन् भन्ने आरोप लागिरहेको बेला आफूले विधायिकाको रूपमा प्रभावकारी भूमिका निर्वाह गरेको दाबी गरे । कांग्रेसका नेता एवं सांसद रायमाझीसँग सत्तापक्ष र प्रतिपक्ष दुवै भूमिकाको अनुभव छ । आफ्नो पार्टी सरकारमा हुँदा पनि जनप्रतिनिधिका रूपमा सरकारलाई खबरदारी गर्न आफू कहिल्यै नचुकेको उनको भनाइ छ । उनी भन्छन्, ‘नेपाली कांग्रेस सत्तापक्ष हुँदा म चाहिँ प्रतिपक्षजस्तो भूमिकामा रहेँ । आफ्नै गठबन्धनको सरकारमा पनि सरकारले गरेका गल्ती औँल्याउने, सरकारलाई संविधानले दिएको बाटो मिचेर नहिँड्न पटक–पटक सचेत गराउने, अनियमितता र महँगी नियन्त्रण एवं नागरिकप्रतिको जिम्मेवारीबाट चुक्नहुन्न भन्ने विषय उठान गर्यौं ।’ उनका अनुसार कानुन निर्माणमा सदन होइन, सरकार असफल भयो । सरकारसँगै राजनीतिक दल र जनप्रतिनिधिबाट कानुन निर्माणमा ध्यान केन्द्रित गर्न असमर्थ रहेको सांसद रायमाझीको बुझाइ छ । ‘कानुन निर्माण गर्ने कुरामा सरकारले टेबुल गर्नुपर्ने हो तर त्यसमा सरकार चुकेको छ । तर कुनै पनि राजनीतिक पार्टीले त्यतातर्फ त्यति चासो दिएनन् कि ?’ उनले भने, ‘प्रतिपक्ष हुँदा ती कुरा उठाउने तर आफू सरकारमा गइसकेपछि जिम्मेवारी पूरा गरेको देखिँदैन ।’ माथिल्लो सदनले गरेको गैरसरकारी विधेयकको अभ्यासलाई स्मरण गर्दै उनले यस्ता विधेयक पास गर्न सरकारबाट असहयोग हुने आफ्नो अनुभव सुनाए । ‘दुई वटामात्र गैरसरकारी विधेयक ल्यायौँ । तर वास्तवमा सत्तापक्षले गैरसरकारी विधेयक चाहँदैन । गैरसरकारी विधेयक ल्याउँदै आउँदा सरकारले आफ्नो ‘पर्फमेन्स’ कम भएको देख्ने डरले प्रोत्साहन गर्न सकेको अवस्था छैन’, उनले भने, ‘प्रतिपक्षलाई मात्र होइन, सत्तापक्षका सांसदलाई पनि सरकारले यस्ता विधेयक रोक्नका लागि पार्टीगत छलफलबिना किन ल्याएको भनेर प्रश्न गरिन्छ ।’
सांसद रायमाझीले प्रतिनिधिसभाका सांसदले राष्ट्रियसभाका असल संसदीय अभ्यासलाई सिक्दै अवलम्बन गर्नुपर्ने सुझावसमेत दिए । उनले भने, ‘राष्ट्रियसभाले तीनवटा विधेयक पास गर्दा प्रतिनिधिसभाले एउटा मात्र विधेयक पास गर्यो । हाम्रा अध्यक्षले तय गरेको समयमै बैठक सुरु हुन्छ । ११ बजेर एक मिनेटमा तय भएको बैठक सोही समयमा बस्छ, प्रतिनिधिसभाले यो सिक्नुपर्छ ।’ छ वर्षको संसदीय अभ्यासमा सधैँ सबै सांसद स्वतन्त्र नहुने उनको अनुभव छ । सांसदहरूलाई दलीय ह्वीप लाग्ने कारण भूमिका प्रभावकारी बनाउन चुनौती भएको उनले स्वीकार गरे । ‘हामी पार्टीगत हिसाबले पनि आएका छौँ । संसदीय भूमिकासँगै पार्टीगत जिम्मेवारी छन् र पार्टीको ह्वीप पनि लाग्छ । अनियमितता, भ्रष्टाचार र सरकारले डेलिभरी नदिएको कुरामा बोल्न सक्छौँ तर कति कुरा पार्टीगत कुरालाई मान्नपर्ने हुन्छ’, उनले भने, ‘राष्ट्रियसभाको आगामी माघ ११ गते निर्वाचन हुँदैछ । सबै आउने सांसदहरू पार्टीको मतबाट आउने हुन् । यो सभा एक्लै गएर बैग्लै कुनामा बस्न सक्दैन । पार्टीका टिकट पाएर आएका जनप्रतिनिधिले मत पनि पार्टीगतरूपमा पाएर आउने हुँदा त्यहाँ सांसद सधैँ स्वतन्त्र हुन सक्दैन ।’ सांसद रायमाझीले सांसदको भूमिकाबाट बिदा भएपछि पनि लोकतन्त्र र सङ्घीयतालाई बलियो बनाउनमा आफ्नो समय व्यतित गर्ने बताए । आफ्नो आगामी योजना सुनाउँदै उनले भने, ‘लोकतन्त्र र सङ्घीयतालाई बलियो बनाउनमा केन्द्रित हुनेछु । सङ्गठन विस्तारको सिलसिलामा जनताको गुनासो सुन्ने र गाउँ जाने पनि गरिरहेको छु । जानेको कुरा आदान–प्रदान गर्ने कामलाई जारी राख्नेछु ।’

# प्रदेशसभा बैठकमा दलित ऐनदेखि हात्ती आतंकको सवाल

**मधेशदृष्टि**
**विराटनगर ।**
कोशी प्रदेशसभाको बैठकमा प्रदेशसभा सदस्यहरुले विभिन्न सरोकारका विषयहरुमा प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन् । आइतबार बसेको प्रदेशसभा बैठकमा सदस्यहरुले हात्तीको आंकतदेखि दलित ऐन ल्याउनुपर्ने लगायतका सवालहरु उठाएका छन् । कोशी प्रदेशसभा सदस्य हाजी इसराइल मन्सुरीले सुनसरीको बर्जु गाउँपालिका–१ गोपी चोकस्थित रामजानकी मन्दिरको नौ कठ्ठा जग्गा तत्कालीन मन्दिर व्यवस्थापन समितिका अध्यक्षले हिनामिना गरेकाले निजउपर आवश्यक कारबाही गर्न प्रदेश सरकारसँग माग गरिन् । सदस्य कमला दर्नालले मोरङको उर्लाबारी नगरपालिकाका ६२ वर्षीया शोभा सुन्दासलाई विराटनगरस्थित जागृति आश्रममा दलितका कारण



दुव्र्यवहार गरिएकाले आश्रम सञ्चालकालाई कारबाही गर्न माग गरिन् । सदस्य किशोरचन्द्र दुलालले समाजलाई उन्नत बनाउन सामाजिक र आर्थिक रुपान्तरण जस्तै सांस्कृतिक रुपान्तरण गर्न जरुरी रहेको चर्चा गरे । सदस्य गीता तिमल्सेनाले मोरङको बेलबारी क्षेत्रमा जङ्गली हात्तीले जनधनको क्षति गरिरहेकाले यसबाट बच्न र बचाउन सरकारले वैकल्पिक सोच बनाउनुपर्ने धारणा राखिन् । सदस्य गोपालबहादुर विश्वकर्माले मुलुक गणतन्त्रमा पसिसक्दा पनि दलित भनेर हेला गर्ने र विभेद गर्ने सनातन सोच बदल्न दलित अधिकार ऐन ल्याउन सरकारसँग माग गरे । सदस्य जयप्रकाश चौधरीले स्वतन्त्र, समानता र न्यायका लागि प्रदेश सरकारले दलित अधिकार ऐन ल्याउन विलम्ब गर्न नहुने धारणा राखे । सदस्य मीना श्रेष्ठले रानीदेखि किमाथाङ्का सडक मार्गमा सुनसरीको तरहरादेखि माथि चाकोशे झाडीमा अहिले पनि सडक अलपत्र भएकाले छिटो निर्माण गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराइन् । अर्का सदस्य रोहितबहादुर कार्कीले प्रदेश सरकारले मदरसा शिक्षालाई व्यवस्थित बनाउन माग गरे । सदस्य लीलाबल्लभ अधिकारीले नेपाल प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित नेपाली शब्द कोषमा सतार जातिका विषयमा गरिएको परिभाषा गलत भएकाले यसलाई अविलम्ब सच्याउन माग गरे । त्यसैगरी, प्रदेशसभा बैठकले ‘प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक’ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले पारित गरेको छ । आन्तरिक मामिला तथा कानुनमन्त्री शम्शेर राईले संसदमा पेश गरेको सो प्रस्ताव प्रदेशसभा बैठकले सर्वसम्मतले पारित गरेको हो ।

# संसदीय सुनुवाइमा उजुरीकर्ता उपस्थित

**रासस**
**काठमाडौँ ।**
सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतका प्रस्तावित न्यायाधीशमाथि परेका उजुरीका उजुरीकर्तासँग जानकारी लिएको छ ।
समितिको शनिबारको बैठकले उजुरीकर्ता पुष्पप्रसाद गुरागाईं, चिरञ्जीवीभक्त पौडेल, प्रेमप्रसाद साह, युवराज चापागाईं, प्रवीण खनाललगायतसँग जानकारी लिएको हो ।
त्यसक्रममा उजुरीकर्ताले आफ्नो उजुरी पुष्ट्याइँका सन्दर्भमा विभिन्न प्रमाणसहित दलील पेस गरेका थिए । न्यायपरिषद्ले उच्च अदालतका चार न्यायाधीश र वरिष्ठ अधिवक्ता दुई जनालाई सर्वोच्च अदालतको न्यायाधीशका लागि प्रस्ताव गरी संसदीय सुनुवाइका लागि समितिसमक्ष पठाएको थियो । प्रस्तावित न्यायाधीशमा उच्च अदालत जनकपुरका न्यायाधीश शारङ्गा सुवेदी, उच्च अदालत पाटन हेटौँडा इजलासका न्यायाधीश अब्दुल अजीज मुसलमान, उच्च अदालत पाटनका न्यायाधीशद्वय महेश शर्मा र टेकप्रसाद ढुङ्गाना रहेका छन् । परिषद्ले वरिष्ठ अधिवक्ताद्वय सुनिलकुमार पोखरेल र बालकृष्ण ढकाललाई सर्वोच्च अदालतको प्रस्तावित न्यायाधीशमा सिफारिस गरेको हो । उनीमध्ये न्यायाधीश सुवेदीका नाममा छ, ढुङ्गानाका तीन र मुसलमानका नाममा एउटा उजुरी परेको थियो ।
न्यायाधीशका लागि शैशिक योग्यता, वरिष्ठ अधिवक्ता एवं अधिववक्ता हैसियतमा कम्तीमा १५ वर्ष निरन्तरुपमा वकालत, वरिष्ठता, अनुभव र विषयवस्तुको ज्ञान, कार्यकुशलता, इमान्दारिता, निष्पक्षता र नैतिक आचार, कानुन व्यवसायमा आर्जन गरेको ख्यातिका आधारमा परिषद्ले उनीहरुलाई छनोट गरेको हो । उजुरीकर्तामध्ये गुरागाईंले न्यायालयमासमेत पहुँचवालाको मात्रै बोलावाला रहेको तथा न्याय र कानुनविपरीत त्रुटिपूर्ण फैसला सच्याउनका लागि न्यायालयमै कार्यरत कर्मचारीले जोखिमको सामना गर्नुपरेको बताए । अर्का उजुरीकर्ता पौडेलले न्यायमूर्तिका क्रियाकलाप र कानुनविपरीतका फैसलाले न्यायालयप्रति जनताको आशा र भरोसा दिन प्रतिदिन खस्कँदै गएको प्रतिक्रिया दिए ।

# पूर्वाधारको विकासबाट समृद्धिको ढोका खुल्छः मन्त्री

**रासस**
**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले दिगो पूर्वाधार विकासबाट मात्रै समृद्धिको ढोका खुल्ने बताएका छन् । यहाँ आयोजित ‘सोसाइटी अफ कन्सल्टिङ आर्किटेक्चरल एन्ड इञ्जिनियरिङ फर्म’ (स्काफ) को ३३औँ वार्षिकोत्सव तथा ‘इमर्जिङ च्यालेन्ज अफ कन्सल्टिङ फर्म्स’ विषयक कार्यक्रममा मन्त्री ज्वालाले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखे मात्रै मुलुकको आर्थिक समृद्धि हासिल हुने बताए ।
पूर्वाधार निर्माणका क्षेत्रमा विभिन्न समस्या देखिँदा अपेक्षित उपलब्धि हासिल गर्न नसकिएको मन्त्री ज्वालाको भनाइ थियो । ‘निर्माण क्षेत्रमा अनेकौँ समस्या र चुनौती छन् । समयमा काम सुरु नहुने, प्रक्रिया पूरा गर्न ढिलो हुने, सुरु भइसकेका आयोजनामा समयमा काम नसकिने, प्रशासनिक तथा कानुनी झन्झटलगायत छन्’ उनले भने, ‘पूर्वाधारको विकासबाटै समृद्धिको ढोका खुल्छ भन्नेमा हामी स्पष्ट छौँ । वार्षिक नीति कार्यक्रम र बजेटमा जे प्रतिबद्धता सरकारले जनाएको छ, त्यसको पालनामा हामी प्रतिबद्ध छौँ ।’ नेपालमा दिगो प्रकृतिको पूर्वाधार निर्माणका लागि गर्नुपर्ने सुधारबारे सरकारलाई सुझाव दिन मन्त्री ज्वालाले सबैलाई आग्रह गरे । मन्त्री ज्वालाले निर्माण क्षेत्रमा देखिएका नीतिगत, कानूनी, प्रशासनीकलगायत झन्झट हटाउन सरकार जिम्मेवार भएर लाग्ने प्रतिबद्धता समेत जनाए ।
विकास निर्माणका काममा परामर्शदाता कम्पनी (कन्सल्टेन्सी) को महत्वपूर्ण भूमिका रहेपनि यस्ता कम्पनीलाई इजाजतपत्र दिन कानुनी समस्या रहेकाले नयाँ ऐन ल्याएर सम्बोधन गर्ने तयारीमा सरकारका रहेको मन्त्री ज्वालाको भनाइ थियो । परामर्शदाता सेवासँग सम्बन्धित विधेयकको मस्यौदा तयार हुनेक्रममा रहेको उनले जानकारी दिए । कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले सरकारले परामर्शदाता कम्पनीलाई विश्वास गरेर सबै पूर्वाधार निर्माणमा जोड्ने गरेको बताए । उनले कामको गुणस्तर र समयमा आयोजना सक्ने कुरामा भने सधैँ चुनौती रहने गरेको बताए । आयोजनाको काम समयमा सम्पन्न गर्न परामर्शदाता कम्पनी पनि जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो । परामर्शदाता कम्पनीले भोगिरहेका समस्या समाधानका लागि नीतिगत सुधार गर्न सरकार तयार रहेको शर्माले बताए । पूर्वाधार आयोजनाको गुणस्तर कायम गर्ने सन्दर्भमा परामर्शदाताको मुख्य भूमिका रहने उल्लेख गर्दै सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले परामर्शदाता कम्पनीबीच पर्याप्त प्रतिस्पर्धाको वातावरण नहुँदा समस्या उत्पन्न भएको बताए ।
परामर्शदाता कम्पनीले अहिले गरिरहेका काममा सुधार गर्नुपर्ने धेरै विषय रहेकाले सरकार र सम्बन्धित निकायले यसमा ध्यान पु¥याउनु पर्ने उनको भनाइ थियो । स्काफका अध्यक्ष टुकलाल अधिकारीले पूर्वाधार निर्माणका क्षेत्रमा मरामर्शदाता कम्पनीको भूमिका महत्वपूर्ण हुने बताए । नेपालका कन्सल्टेन्ट कम्पनी सङ्गठित भएको तीन दशकभन्दा बढी समय वितिसकेको भन्दै अहिले विभिन्न अन्तर्राष्ट्रिय फोरममा पनि आवद्ध भइसकेका उनले जानकारी दिए ।

# उपप्रधानमन्त्री खड्का स्वदेश फिर्ता



**रासस**
**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का घानाको आक्रामा आयोजित अन्तर्राष्ट्रिय शान्ति स्थापनासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मन्त्रिस्तरीय सम्मेलनमा सहभागी भई आइतबार स्वदेश फर्किएका छन् । यही मंसिर १८ देखि २० गतेसम्म आयोजित सम्मेलनमा उपप्रधानमन्त्री खड्का नेपाली टोलीको नेतृत्व गर्दै सम्मेलनमा सहभागी भएका थिए ।
नेपाली टोलीमा रक्षा र परराष्ट्र मन्त्रालय तथा नेपाली सेनाका उच्च पदाधिकारीहरुको सहभागिता थियो । सम्मेलनले अन्तर्राष्ट्रिय शान्ति स्थापनासम्बन्धी विविध विषयमा छलफल गर्नुका साथै हालसम्म भएका कामको समीक्षा गर्दै भविष्यका लागि मार्ग तय गर्ने र सदस्य राष्ट्रकोतर्फबाट यस कार्यमा सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको थियो । ‘पिस बिगिन्स विथ मि’ भन्ने नाराका साथ सुरु भएको सम्मेलनमा विश्वभरका ९० देशका उच्चस्तरीय प्रतिनिधिमण्डलको सहभागिता थियो । सम्मेलनले संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनलाई थप प्रभावकारी बनाई विश्वशान्ति स्थापनाका लागि सहकार्य, समन्वय र सहयोग अभिवृद्धि गर्न जोड दिनुका साथै सम्मेलनमा व्यक्त गरिएका प्रतिबद्धता प्रभावकारी कार्यान्वयनमा जोड दिइएको थियो ।
अन्तर्राष्ट्रिय शान्ति तथा स्थायित्वका लागि नेपालले सन् १९५८ देखि नै संयुक्त राष्ट्र सङ्घका विभिन्न शान्ति मिसनमा नेपाली शान्ति सैनिक खटाउँदै विश्व शान्तिका लागि महत्त्वपूर्ण योगदान दिँदै आएको छ । हाल १६ वटा शान्ति मिसनमा छ हजार दुई सय ७८ नेपाली सैनिक कार्यरत छन् । अहिले नेपाल शान्ति सैनिक खटाउने दोस्रो ठूलो र महिला शान्ति सैनिक खटाउने मुलुकमा पहिलो स्थानमा छ । हालसम्म अन्तर्राष्ट्रिय शान्ति स्थापनाका लागि विभिन्न मिसनमा सेवारत रहँदा ८६ जना नेपाली सैनिकले वीरगति प्राप्त गरेका र ६६ जना घाइते भएका छन् ।
सम्मेलनमा नेपालको उच्चस्तरीय सहभागिताका लागि संयुक्त राष्ट्रसङ्घले विशेष महत्त्व दिँदै सराहना गरेको थियो । सम्मेलनमा उपप्रधानमन्त्री खड्काले संयुक्त राष्ट्रसङ्घको सुधार प्रयासमा नेपाल सधैँ सकारात्मक र प्रतिबद्ध रहेको, महासचिवको ‘एक्सन फर पिसकिपिङ’को कार्यान्वयनमा सदैव तयार रहेको, सर्वसाधारणको सुरक्षाप्रति नेपाल सरकार र नेपाली शान्ति सैनिक सदैव संवेदनशिल रहँदै आएको बताएका थिए । साथै नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घको आह्वानमा विना कुनै सर्त विश्वका जुनसुकै द्वन्द्वरत मुलुकमा शान्ति सैनिक खटाउने गरेको उनको भनाइ थियो । नेपाली शान्ति सैनिक अनुशासन एवं कार्यसम्पादनमा अब्बल रहेको बताउँदै उपप्रधानमन्त्री खड्काले यौन शोषण र दुव्र्यवहारप्रति नेपालले शून्य सहनशीलता नीति अवलम्बन गर्दै आएको पनि जानकारी गराएका थिए ।

# मौरीपालन व्यवसायबाट मनग्य आम्दानी



**रासस**
**गलकोट ।**
बागलुङ नगरपालिका–१२ अमलाचौरस्थित चोलादेवी पाठक आफ्नो घरमुनिको बारीमा मौरीको स्याहारमा व्यस्त छन् । उनले यो काम गर्न थालेको तीन वर्ष पुगिसक्यो । उनले भने, 'बाख्रापालन र मौरीपालन एकसाथ थालनी गरेककी हुँ । यसमा श्रीमानको साथ र सहयोग पनि रहेको छ ।' अहिले पाठकको मौरीफार्ममा ४५ मौरीसहितका घार छन् । उनले बाख्रापालनभन्दा मौरीपालनबाट राम्रो आम्दानी भएको बताए । उनले वर्षमा पाँच सय ५० किलोग्राम मह उत्पादन हुँदै आएको बताए । 'परिवारको सहयोग छ, आफैँ मौरीपालन तालिम लिएपछि व्यावसायिक मौरीपालनमा लागेको हुँ, अहिले उत्पादन भएको मौरी बिक्रीका लागि बजार पुग्न पर्दैन, भैरवस्थान मन्दिर दर्शनका लागि आएकाले खरिद गरेर लैजान्छन्', किसान पाठकले भने, '४५ बाख्रासमेत पालेको थिएँ, तर बाख्रा पाल्न अलि धेरै खर्च हुनेरहेछ, अहिले १० वटामात्रै बाख्रा छन्, मौरीपालनमा चोखो आम्दानी छ, त्यसका साथसाथै तरकारी खेतीसमेत गर्दै आएको छु ।' उनले ससुराबुवा देवीप्रसाद पाठकले परम्परादेखि पाल्दै आएको मुडेघारको मौरीलाई तीन वर्षअघिदेखि व्यावसायिक बनाउन थालेका हुन् । घरमा अझै पनि केही मुडेघार छन् । बाख्रापालनका लागि दुई सयवटा राइखन्यूका बिरुवा लगाइएको र आगामी दिनमा बाख्राको सङ्ख्यासमेत बढाउँदै लैजाने गरी आधुनिक खोर व्यवस्थापनसमेत गरिएको छ । पचासवटा बाख्रा अट्ने गरी खोर व्यवस्थापन गरिएको पाठकको भनाइ छ । 'बाख्रालाई भन्दा केही सहज छ मौरीपालन, मौरीपालनमा जोखिम भए पनि आम्दानी राम्रो छ, गत वर्ष एक लाख ५० हजार रुपैयाँबराबरको अनुदानसमेत पाएको थिएँ', उनले भने, '४५ घारबाटै वार्षिक छ लाख रुपैयाँ बढी कमाउन सकिनेरहेछ, त्यसैले बाख्रापालनमा भन्दा मौरीपालनमा बढी ध्यान दिन थालिएको छ, आगामी दिनमा एक सय मौरीका घार पुर्याउने हाम्रो परिवारको योजना छ ।'

मौरीपालनलाई रोगबाट जोगाउन सकेमात्र पुग्ने उनको भनाइ छ । महिला अगाडि बढेर बाख्रापालन र मौरीपालनमा लाग्दा परिवारको राम्रो सहयोग मिलेको बताउँदै आयआर्जनका लागि महिला अग्रसर हुन आवश्यक रहेको पाठकको भनाइ छ । चार वर्षअघि कुश्मा पुगेर मौरीपालन तालिम लिएपश्चात मौरीपालनमा लाग्नुभएको पाठकले यसबाट राम्रो आम्दानी गर्न थालेपछि दङ्ग भएका छन् । अहिले प्रतिकेजी एक हजार दुई सय रुपैयाँमा मह बिक्री भइरहेको बताउँदै पाठकले बजारको समस्या नरहेको जानकारी दिए । अग्र्यानिक मह उत्पादन गर्नसके बजारको चिन्ता लिन नपर्ने उनको भनाइ छ । उनको फार्ममा बलेवामै उत्पादन भएको बलेवा मौरीपालन उद्योगको आधुनिक घार र जसन घार भारतबाटसमेत निर्यात गरिएको छ । मौरीलाई चिसोबाट जोगाउन जस्ताको छाना लगाइएको मौरीपालक किसानको भनाइ छ । कोट भैरव कृषि मौरी र पशुपक्षी फार्ममा गत आर्थिक वर्ष कृषि ज्ञान केन्द्रले मह उत्पादन वृद्धि कार्यक्रमअन्र्तगत एक लाख ५० हजार रुपैयाँ अनुदानसमेत दिएको कृषि ज्ञान केन्द्र बागलुङका बागबानी विकास अधिकृत कुमार पुनले जानकारी दिए । उनले बागलुङमा महको उत्पादन बढाउन आधुनिक मौरीका घार ५० प्रतिशत अनुदानमा वितरण गरिरहेको बताए ।

# चिया व्यवसाय सङ्कटमा

**रासस**
**झापा ।**
अलैँचीपछि सबैभन्दा बढी विदेशी मुद्रा स्वदेश भित्र्याउने चिया व्यवसाय सङ्कटमा परेको सरोकारवालाले बताएका छन् । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले गत वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८०र८१ मा दोब्बर विदेशी मुद्रा भित्र्याउने अनुमान गरिरहेको अवस्था सरोकारवालाले चिया क्षेत्रमा गम्भीर सङ्कट निम्तिएको बताएका हुन् । बोर्डका कार्यकारी निर्देशक विष्णुप्रसाद भट्टराईले चालु आर्थिक वर्षमा नेपालबाट अर्थोडक्स र सिटीसी चिया निर्यातबाट करिब आठ अर्ब रुपैयाँको विदेशी मुद्रा भित्रिने आकलन गरेको बताए । उनले भने, 'सरकारले समयमै चियालाई चाहिने मलसहितका कार्यक्रम उपलब्ध गराएको छ । यसले उत्पादन पनि बढ्ने अनुमान छ । उत्पादन बढेसँगै निर्यात बढी स्वतः भइहाल्छ ।' चिया क्षेत्रका विद्यमान समस्या समाधानमा प्रभावकारी भूमिका निर्वाह गर्ने र सरोकारवालाले उठाएका सबैखाले समस्याको उचित सम्बोधन गर्दै राज्य पक्षलाई समेत समस्याको जानकारी गराउने उनले बताए । गत वर्ष चिया निर्यातबाट मात्र नेपालमा तीन अर्ब ८० करोड रकम भित्रिएको बोर्डको तथ्याङ्कमा उल्लेख छ ।



चिया किसान हर्क तामाङले बोर्डले गरेजस्तो आकलनले काम नगर्ने बताए । उनले बोर्डले कोठामा बसेर तथ्याङ्क तयार गर्ने, किसानका बगानसम्म पुगेर मूल्याङ्कन नगर्ने हुँदा यस्तो लक्ष्य लिनु स्वभाविक भएको बताए । 'बोर्ड अलैँचीपछि विदेशी मुद्रा ल्याउने चिया भन्छ', उनले भने, 'तर यही अवस्था रहने हो पाँच वर्षपछि चियाको बुट्टा भेट्न पनि गाह्रो होलाजस्तो छ ।'
सरकारले चियालाई कृषिको रूपमा सूचीकृत नगरेर उद्योगसरह विद्युतीय महसुल लगाउँदा सिँचाइमा समस्या, अक्सन बजारको अभावले अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन नसक्नु मुख्य कारण रहेको उनको भनाइ छ ।
अखिल नेपाल ट्रेड युनियन केन्द्रीय उपाध्यक्ष भूपाल सापकोटाले चिया विकासको निम्ति बोर्डले अहिलेसम्म केही काम गर्न नसकेको आरोप लगाए । उनले उद्योगी, व्यवसायी, किसान, मजदुर कसैको समस्या समाधानमा बोर्डले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको बताए । नेपाल चिया बगान श्रमिक सङ्घका केन्द्रीय अध्यक्ष दीपक तामाङले चिया क्षेत्रको समस्या समाधानमा राज्य उदासिन देखिएको आरोप लगाए । उनले हालसम्म श्रम ऐनअन्तर्गतको कतिपय बगानका श्रमिकले ज्यालासमेत नपाइरहँदा बोर्डले समेत कानुन कार्यान्वयनमा समन्वय नगरेको गुनासो गरे । नेपालमा २० हजार दुई सय ३७ हेक्टरमा चियाखेती लगाइएको बोर्डले जनाएको छ ।
त्यसमध्ये ९९ प्रतिशत उत्पादन कोशी प्रदेशमा भइरहेको छ । सत्तरी हजार नागरिकले रोजगारी पाइरहेको चियाका ३० वटा अर्थोडक्स र ३८ वटा सिटीसीका उद्योग सञ्चालित छन् । नेपाली चियाको मुख्य बजार भारत, चीन, श्रीलङ्का, रसिया, नेदरल्याण्ड लगायतका राष्ट्रमा रहेको बोर्डको तथ्याङ्कले देखाएको छ ।

# इजरायल र हमासबीच पुनः युद्धविराम प्रयास



**एएफपी**
**दोहा ।**
इजरायली बमबारीका बावजुद गाजामा नयाँ युद्धविराम र हमासको कब्जामा रहेका बन्धकहरूलाई मुक्त गर्न मध्यस्थता प्रयास जारी रहेको कतारका प्रधानमन्त्रीले आइतबार बताएका छन् । कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल थानीले दोहा फोरममा भने, 'कतार राज्यको रूपमा हाम्रा साझेदारहरूसँग हाम्रो प्रयास जारी छ । हामी हार मान्दैनौं ।' उनले प्रसङ्गलाई थप्दै भने, 'बमबारीको निरन्तरताले हाम्रो वार्ता प्रयासमा जटिलता भने ल्याएको छ । गत अक्टोबर ७ मा भएको आक्रमणमा हमासले एक हजार २०० व्यक्तिको हत्या गर्नुका साथै २४० जनालाई बन्धक बनाएपछि इजरायलले हमासविरुद्ध युद्धको घोषणा गरेको इजरायली तथ्याङ्कले जनाएको छ ।
इजरायली आक्रमणका कारण गाजामा कम्तीमा १७ हजार ७०० व्यक्तिको मृत्यु भएको हमास नियन्त्रित गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ । कतार वार्तामा एक प्रमुख मध्यस्थकर्ता हो । कतारको निरन्तरको वार्ता र शान्तिको प्रयासको परिणामस्वरूप सात दिनको युद्धविराम भएको थियो । धेरै इजरायली बन्धकहरूसँग प्यालेस्टिनी कैदी र मानवीय सहायताको आदान–प्रदान भएको छ ।
कतारका प्रधानमन्त्रीले भने, 'हामी प्रयास जारी राख्नेछौं, हामी बन्धकहरूलाई रिहा गर्न र युद्ध रोक्न पनि प्रतिबद्ध छौं ।' उनले भने, 'हामीले दुवै पक्षबाट समान इच्छा प्रकट भएको देख्दैनौं ।' यसअघि दोहा फोरमलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले इजरायल–हमास द्वन्द्वको समाधानलाई कमजोर पार्ने भू–रणनीतिक विभाजनका कारण सुरक्षा परिषद् पङ्गु भएको बताएका थिए । गाजायुद्ध विरामको आह्वान गर्ने प्रस्तावलाई अमेरिकी भिटोले रोकेको दुई दिनपछि उनले युद्धमा ढिलाइ हुँदा 'अधिकार र विश्वसनीयतालाई गम्भीर रूपमा कमजोर पारिएको' बताएका छन् । उनले भने, 'मानवीय युद्धविरामको घोषणाका लागि मैले आफ्नो अपिल दोहो¥याएको छु । दुःखको कुरा, सुरक्षा परिषद्ले त्यसो गर्न सकेन । म प्रतिवद्धता व्यक्त गर्न सक्छु हार मान्दिनँ ।' गुटेर्रेसले गाजामा दुई महिना लामो संघर्षपछि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को आपतकालीन बैठक बोलाएका थिए । उनले संयुक्त राष्ट्रसङ्घको बडापत्रको विरलै प्रयोग हुने धारा ९९ लाई प्रयोग गर्दै राष्ट्रसङ्घो महासचिवको हैसियतमा 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्न खतरा हुन सक्ने कुनै पनि विषय' प्रति सुरक्षा परिषद्को ध्यानाकर्षण गराएका छन् । दशकौंदेखि संयुक्त राष्ट्रसङ्घका प्रमुखले यो धारालाई विरलै प्रयोग गरेका थिए । गुटेर्रेसले दोहा फोरममा भने, 'हामी मानवीय प्रणाली ध्वस्त हुने गम्भीर जोखिमको सामना गरिरहेका छौं ।' 'स्थिति तीव्र गतिमा विपत्तिमा परिणत भइरहेको छ र यसले समग्र प्यालेस्टिनी र यस क्षेत्रको शान्ति र सुरक्षामा सम्भावित अपरिवर्तनीय प्रभाव पार्नेछ ।'

# अष्ट्रेलियाले विदेशी व्यक्तिको घरको कर बढाउने

**एएफपी**
**सिड्नी ।**
अष्ट्रेलिया सरकारको घोषणा अस्ट्रेलिया सरकारले भाडाको सङ्कट कम गर्ने प्रयासस्वरूप विद्यमान घरका विदेशी खरिदकर्तालाई शुल्कमा नाटकीय वृद्धि गर्ने घोषणा गरेको छ । अष्ट्रेलियामा भाडामा कोठा पाउन कठिन बनेपछि लेबर पार्टीले खाली घर नराख्न प्रोत्साहन गर्न र कोठा भाडा पाउने अवस्थालाई सहज बनाउन नयाँ बर्षको शुरूमा नै नयाँ कानुन ल्याई घरका विदेशी खरिदकर्ताले घरलाई खाली राखेमा बढी कर तिनुपर्ने व्यवस्था गर्न लागेको हो । घर निर्माण घट्दै जाँदा सेप्टेम्बर ३० सम्मको अवधिमा भाडाको मूल्य १४ वर्षयताकै सबैभन्दा तीव्र स्तरमा अर्थात् ७.६ प्रतिशतले बढेको छ । कोषाध्यक्ष जिम चाल्मर्सले भने, 'अस्ट्रेलियाको ग्रामिण क्षेत्रमा धेरै घरहरू खाली छन् ।
तर कोठाभाडा पाउन कठिन हुने गर्छ ।' स्काई न्यूज अष्ट्रेलियासँगको अन्तर्वार्तामा उनले भने, 'अष्ट्रेलियालीहरूका लागि पर्याप्त आवासीय भवन उपलब्ध छैन ।' सरकारले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यी उपायहरूले विदेशीहरूलाई विद्यमान स्टक किन्नुको सट्टा नयाँ आवास विकासमा लगानी गर्न प्रेरित गर्ने लक्ष्य राखेको छ ।'
काम वा अध्ययनका लागि अष्ट्रेलियामा बसोबास नगरेसम्म विदेशीहरूले पहिले नै स्थापित घरहरू किन्न प्रतिबन्ध लगाएका छन्, र उनीहरूले सामान्यतया घर छोड्दा घरलाई बेच्नु पर्दछ । छ महिनाभन्दा बढीको लागि घर खाली राखेमा निर्माणसम्पन्न घरहरूको विदेशी मालिकहरूले एक उच्च वार्षिक अतिरिक्त शुल्क तिर्नुपर्ने हुनेछ । त्यो शुल्क (हाल विदेशी लगानी शुल्कको समान) नयाँ योजना अन्तर्गत दोब्बर हुनेछ । यसको समग्र प्रभाव विद्यमान घरहरू खाली छोड्ने विदेशीहरूको लागि वार्षिक शुल्कमा छ गुणा वृद्धि हुनेछ । तथापि, यो स्पष्ट छैन कि अष्ट्रेलियामा अवस्थित घरहरूको विदेशी स्वामित्व भाडा बजारको लागि ठूलो समस्या हो । अस्ट्रेलियाका अर्थमन्त्रीका अनुसार स्थापित घरका विदेशी मालिकहरूबाट लगाइएको खाली घरका लागि शुल्कले वार्षिक करिब ५० लाख अष्ट्रेलियन डलर मात्र उठाउँछ । चाल्मर्सका अनुसार एउटा रिपोर्टले गत वर्ष २३ वटा मात्र यस्ता 'उल्लङ्घन' भएको सङ्केत गरेको छ । सरकारले भाडाका लागि आवास निर्माण परियोजनामा विदेशी लगानीकर्ताको शुल्क पनि घटाउने बताएको छ ।

# विद्यार्थीलाई व्यवहारिक सीप



**रासस**
**तनहुँ ।**
व्यास नगरपालिका–१० दुम्सीस्थित शिव माध्यमिक विद्यालयमा पछिल्ला समय विद्यार्थीको आकर्षण बढ्दै गएको छ । विद्यालयले किताबी ज्ञानसँगै विद्यार्थीको रुचिअनुरुप व्यावहारिक सीप दिन थालेपछि विद्यार्थीको आकर्षण बढेको हो । सोही वडा निवासी आश्रुत लामिछाने कक्षा १० मा अध्ययनरत छन् । पढाईसँगै उनले सीपमूलक तालिम पनि सिकेका छन् ।
पञ्चेबाजाअन्तर्गत उनले अहिले मज्जाले ढलाकी बजाउन सिकेका हुन् । विद्यालयले सिक्दै, पढ्दै कार्यक्रमअन्र्तगत एक महिने पञ्चेबाजासम्बन्धी प्रशिक्षण दिएपछि उनी ढलाकी बजाउन निपूर्ण बनेका हुन् । 'सुरुमा कसरी बजाउने होला भन्ने सोचेको थिएँ', उनले भने, 'प्रशिक्षकले दिएको ज्ञानलाई व्यवहारमा लागू गर्दै निरन्तरको प्रयासपछि अहिले ढलाकी बजाउन सक्षम बनेको छु ।' लामिछाने जस्तै कक्षा १० मा अध्ययनरत शिशिर सापकोटा टेम्पो बजाउन सफल बनेका छन् । इच्छाशक्ति भए नसकिने भन्ने हुँदो रहेनछ विद्यार्थी सापकोटाले भने, 'सुरुमा डर लागे जस्तो भएपनि अहिले मज्जाले बजाउन सकिन्छ ।' विद्यालयले चितवनबाट प्रशिक्षक ल्याएर इच्छुक विद्यार्थीहरुका लागि पञ्चेबाजासम्बन्धी एकमहिने प्रशिक्षण दिएको शिक्षक धुरव भण्डारीले जानकारी दिए । पञ्चेबाजामध्ये नरसिंहा बजाउने प्रशिक्षण दिने तयारी गरेका छौँ । उनले भने, 'वाद्यबाजन र पञ्चे बाजा बजाउनसके पनि धेरैले नरसिंहा बजाउन सक्दैनन् ।' विद्यालयमा पठनपाठन बन्द भएको समय र बिदाका दिनमा समाजमा हुने बिवाह, ब्रतवन्ध, पूजाआजालगायतका कार्यक्रममा पठाइने सोच बनाइएको विद्यालयले जनाएको छ । विद्यालयमा बाद्यबाजनका साथै नृत्य, टपरी बुन्ने, तरकारी खेती, आलुखेती, बत्ती काल्ने, कपाल काट्नेलगायतका सीप विद्यार्थीलाई दिएर संस्कारी बनाउन लागिएको प्रधानाध्यापक चन्द्रमणि कोइरालाले जानकारी दिए ।
समाजमा चलिआएका पुख्र्यौली सीपहरु समेत लोप हुने अवस्थामा पुगेकाले विद्यार्थी सिकाएर व्यावहारिक बनाइएको छ । परियार समुदायले बजाउने पुख्यौली पञ्चेबाजा पछिल्लो समय लोपोन्मुख बन्ने खतरा बढेको छ भने आधुनिक बाजाले विस्थापित हुदै गएको छ । पुख्र्यौली सम्पत्तिको संरक्षण एवं सम्बद्र्धन गर्न पनि विद्यालयले यसलाई प्राथामिकता दिएको हो । कक्षा ८,९ र १० कक्षाका विद्यार्थीलाई शिक्षाको साथै व्यावहारिक शिक्षा प्रदानमा जोड दिइएको उनको भनाइ छ । विद्यार्थीलाई पठनपाठनमा मात्रै केन्द्रित गर्दा पट्यार लाग्ने, दिक्क अनुभव गर्ने र पढाईमा ध्यान नदिने भएकाले यस्ता सीपमूलक शिक्षामा जोड दिइएको प्रधानाध्यापक कोइरालाले बताए । 'नाचगानलगायत सीपमूलक शिक्षा प्रदान गर्न थालेसँगै विद्यार्थीहरु उत्साहित भएर सीप सिक्ने र पढ्ने कार्यमा रुचि लगाउने गरेका छन्', उनले भने । 'सीप सिकेका विद्यार्थीले आफूभन्दा तल्लो कक्षामा अध्ययनरत इच्छुक विद्यार्थीलाई पनि सिकाएर सीप हस्तान्तरण गर्न लगाइएको छ', उनले भने, 'विद्यार्थीबाट विद्यार्थीमा सीप हस्तान्तरण गरी पञ्चेबाजालाई सदाबहार जीवन्तता दिन लागिएको छ ।' कक्षा १० मा अध्ययनरत विद्यार्थी एसइईपश्चात् अर्को विद्यालयमा जानुअघि सिकेको सीप आफूभन्दा पछिका पुस्तालाई सिकाउने व्यवस्था मिलाइएको विद्यालयले जनाएको छ । विद्यालयको भावि योजनामा प्लाम्बिङ र वाइरिङलगायतका सीपमूलक र आयआर्जनमूलकसम्बन्धी तालिम प्रदान गर्ने लक्ष्य रहेको छ । विद्यार्थीले मात्रै नभई शिक्षक शिक्षिक पनि वाद्यवादन बजाउन, गाउन र नाच्न उत्तिकै सक्षम बन्दै गएका छन् । कक्षा १ देखि ५ सम्म स्मार्ट टिभी र कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई स्मार्ट बोर्ड राखेर पठनपाठन गराउन थालिएको छ । समयको मागसँगै विद्यालयले प्राविधिक शिक्षालाई प्राथामिकता दिँदै आएको विद्यालयले जनाएको छ । दलित, जनजाति र सिमान्तकृत बालबालिकाको बाहुल्य रहेको यस विद्यालयमा हाल तीन सय विद्यार्थी अध्ययनरत छन् ।

# 'सञ्चार माध्यमको सबलीकरणमा सबै लागौं'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशमा देखिएको आर्थिक समस्याका कारण सञ्चार माध्यम संकटग्रस्त रहेको अवस्थामा यसलाई सबै मिलेर सबल बनाउनुपर्ने आवश्यकतामा वक्ताहरुले जोड दिएका छन् । नेपाल पत्रकार महासंघ धनुषाले गरेको सञ्चार माध्यमको सबलीकरण विषयक अन्र्तक्रियामा वक्ताहरुले सञ्चारमाध्यमको सबलीकरण गरिएको खण्डमा मात्रै पत्रकारिता सबल हुने बताएका छन् ।

कार्यक्रममा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले पत्रकारिता पेशा मूल्यमान्यतामा आधारित पेसा भएका कारण यसको मूल्यमान्यतामा समस्या आएको खण्डमा पत्रकारिता मात्रै होइन राजनीतिको मूल्यमान्यतामा समेत गिरावट आउने बताए । उनले भने, 'अहिले पत्रकारिताको मूल्यमान्यतामा गिरावट आएको छ, त्यो गिरावटकै कारण राजनीति र सरकारको मूल्यमान्यतामा समेत गिरावट आएको छ, उसलाई लागिरहेको छ कि एउटाले विरोध गर्यो भने अर्को पक्षमा आइहाल्छ । त्यसकारण सरकारसमेत जिम्मेवार बन्न सकेको छैन ।'

मण्डलले प्रदेश सरकार कानुनको अभावकै कारण अहिले जटिलता सामना गरिरहेको बताउँदै भएको अधिकारसमेत प्रयोग गरेर सञ्चारमाध्यमको विकासमा जोडबलका साथ लाग्नुपर्ने जिकिर गरे । उनले संघीयताको मर्म नै स्थानीयता भएका कारण स्थानीयताको मर्मअनुसार

> *'अहिले पत्रकारिताको मूल्यमान्यतामा गिरावट आएको छ, त्यो गिरावटकै कारण राजनीति र सरकारको मूल्यमान्यतामा समेत गिरावट आएको छ, उसलाई लागिरहेको छ कि एउटाले विरोध गर्यो भने अर्को पक्षमा आइहाल्छ । त्यसकारण सरकारसमेत जिम्मेवार बन्न सकेको छैन ।'*

सरकार अगाडि बढेको खण्डमा संघीयतासमेत सबल हुने बताउँदै यसको जिम्मेवारीसमेत प्रदेश र स्थानीय तहको काँधमा रहेको बताए ।

मण्डलले अहिलेको आर्थिक संटक सृजित संकट रहेको बताउँदै मुलुकमा दलाल पुँजीवादको कारण अहिले भएका उद्योगधन्दा धरासायी बन्दै आएको र यसले बेरोजगारी तथा आर्थिक संकट सृजना गरिरहेको जिकिर गरे । उनले देशमा रोजगारीको अवस्था नभएका कारण युवा विदेश पलायन बन्दै दासत्व युगमा बाँच्न बाध्य भएको बताए ।

उनले भने, 'अहिलेको पुँजीवादी युगमा मालिकहरु बलियो बन्दै आएको र मजदुर कमजोर बन्दै आएको बताउँदै यसबाट पत्रकारिता पेशासमेत अछुतो नरहेको जिकिर गरे । उनले पत्रकारिता भरोसाको पेसा भएका कारण केही समय यता आएर पत्रकारिता क्षेत्रमा इमान र भरोसामा समेत कमी आएको बताए ।

कार्यक्रममा पूर्वमन्त्री एवं संघीय सांसद रामकृष्ण यादवले जताततै विधिको शासन अभाव हुँदै गएको बताउदै तीनै तहका सरकारमा विधिको शासनको अभावका कारण अहिले विभिन्न स्वार्थगत समूहको उदय भइरहेको जिकिर गरे । उनले पत्रकारिता क्षेत्रलाई बलियो बनाउन सबैको भूमिका महत्वपूर्ण रहेको बताउदै खास गरेर राजनीति क्षेत्र जहिले नै सत्तास्वार्थमा मात्रै केन्द्रित रहेको कारण पत्रकारिता क्षेत्र कमजोर बनेको बताए । उनले भने, 'पत्रकारिता जीवित भए लोकतन्त्र जीवित हुन्छ, लोकतन्त्र जीवित भएन भने पत्रकारिता पनि जीवित रहदैँन ।'

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले आफूहरुसमेत समानुपातिक विज्ञान नीति ल्याउन तयार रहेको बताउदै कमजोर कर्मचारी तन्त्रका कारण चाहेर समेत काम गर्न नसकिएको बताए ।

उनले बजेट कटौतीका कारण समस्या आएको बताए ।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष अनिल मिश्रले सञ्चारमाध्यमलाई टिकाउन नीतिगत खाँचो रहेको बताउदै सञ्चारमाध्यम टिके मात्रै पत्रकारिता रहने बताए । नेपाल पत्रकार महासंघकी अध्यक्ष मनिका झाको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकारिता क्षेत्रमा देखिएको समस्या विषयमा वीरेन्द्र रमणले प्रस्तुति गरेका थिए भने आमसञ्चारले गर्दै आएको कामको विषयमा आमसञ्चार प्राधिकरणका अध्यक्ष श्याम सुन्दर यादवले प्रस्तुति गरेका थिए ।

# प्रभातफेरी सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ४ रामचोकस्थित राम युवा कमिटीको कार्यालयबाट राष्ट्रिय मानव अधिकार आयोग धनुषा र जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजना तथा विभिन्न संघ संस्थाको समन्वयमा प्रभातफेरी भएको छ । ७५ औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताःमहिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने नाराका साथ लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत प्रभातफेरी कार्यक्रम भएको हो । कार्यक्रममा उच्च अदालत जनकपुरका मुख्य न्यायाधीश श्रीकान्त पौडेल, मधेशी आयोगका अध्यक्ष डा.विजय कुमार दत्त, धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डे, मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका निमित्त कार्यालय प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक प्रबीण पोखरेल, धनषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्मा, सशस्त्र प्रहरी लगायत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका सहभागिता थियो ।

प्रभातफेरी कार्यक्रम सुरु भई जानकी मन्दिर, जनक चोक, भानु चोक पश्चात रेल्वे स्टेसन पुगेको थियो ।

# एसिया कपमा नेपालको लगातार दोस्रो हार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल यु–१९ एसिया कपमा अफगानिस्तानसँग ७३ रनले पराजित भएको छ । २ सय ६२ रनको लक्ष्य पछ्याएर मैदानमा उत्रिएको नेपालका खेलाडी ४०.१ ओभरमै अलआउट भएका थिए ।

एसिया कपमा नेपाल दोस्रो पटक पराजित भएको हो । शुक्रवार भएको खेलमा नेपाल पाकिस्तानसँग पराजित भएको थियो । नेपालका लागि अर्जुन कुमालले सर्वाधिक ९१ रन बनाएका थिए । कप्तान देव खनालले २४, गुल्सन झाले १७, दीपक बोहराले १५ र दिपेश कँडेलले ११ रन बनाएका थिए । अफगानिस्तानका लागि अस्मिद जर्दानले शतकीय पारी खेलेका थिए । नुमान शाह आगाले ६० रन जोडेका थिए । नेपालका हेमन्त धामी, गुल्सन झा र सुवास भण्डारीले दुई/दुई विकेट लिएका थिए भने आकाश चन्द र दिपेश कँडेलले एक÷एक विकेट हात पारे । यसैबीच प्रतियोगितामा पाकिस्तान लगातार दोस्रो जित सहित सेमिफाइनल नजिक पुगेको छ ।

आइतबार भएको खेलमा पाकिस्तानले भारतलाई ८ विकेटले पराजित गर्दै फराकिलो रनरेटसहित ४ अङ्कका साथ शीर्ष स्थानमा छ । टस हारेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ५९ रन बनाएको थियो । जवाफमा उक्त लक्ष्य पाकिस्तानले १८ बल बाँकी हुँदै २ विकेट गुमाएर पूरा गर्‍यो । पाकिस्तानको जितमा आजान अवैसले १०५ रनको नटआउट शतकीय इनिङ खेले । त्यस्तै उनलाई कप्तान साद बाइगले ६८ रनको अविजित साथ दिए । त्यसअघि ओपनर शहजाइब खानले ६३ रन बनाउँदा अर्को ओपनर स्यामल हुसेन भने ८ रनमा आउट भएका थिए । भारतका लागि मुर्गन अभिसेकले २ विकेट लिएका थिए । दुई खेलको समाप्तीमा पाकिस्तान दुई जितसहित ४ अङ्कका साथ शीर्ष स्थानमा रहँदा भारत र अफगानिस्तानको समान २–२ अङ्क छ । अब अन्तिम खेलमा अफगानिस्तान र पाकिस्तान तथा भारत र नेपाल भिड्ने छन् । भारतलाई सेमिफाइनल प्रवेशका लागि नेपालाई हराउनु पर्ने छ । साथै अफगानिस्तान र पाकिस्तानबिचको खेलको नतिजासमेत कुर्नुपर्ने हुन्छ ।

# कपिलेश्वर क्रिकेट टिम विजयी

**श्रीनारायण साह**
**जनकपुरधाम ।**
नेपाली पत्रकारिता जगतका भीष्म पितामह, प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी राजेश्वर नेपालीको स्मृतिमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ बेलामा जारी महामना राजेश्वर नेपाली टि–२० क्रिकेट प्रतियोगिताको पाँचौँ दिनको खेलमा धनुषाको कपिलेश्वर क्रिकेट टिम विजयी भएको छ ।

आइतबार धनुषाको कापिलेश्वर र महोत्तरीको भँगाहा–२ क्रिकेट टिमबीच भएको खेलमा कपिलेश्वर क्रिकेट टिमले २० रनले जीत हासिल गरेको हो ।

टस जितेर पहिले ब्याटिङ गरेको कपिलेश्वर क्रिकेट टिमले प्रस्तुत गरेको ९७ रनको लक्ष्य पछ्याउने क्रममा भँगाहा क्रिकेट टिम ७७ रनमै अल आउट भएपछि कपिलेश्वर क्रिकेट टिमको जीत दर्ज भएको हो ।




टस जितेर पहिलो ब्याटिङ गरेको कपिलेश्वर क्रिकेट टिमले खेलेको आक्रमक खेल दर्शकहरुका लागि रोमाञ्चकारी रहेको थियो ।

खेलमा म्यान अफ दि म्याच कपिलेश्वर क्रिकेट टिमका धर्मेन्द्र यादव छोटु घोषित भए ।

दूधमती युवा क्लब जनकपुरधाम २३ बेलाको आयोजनामा जारी प्रतियोगितामा धनुषा तथा महोत्तरी जिल्लाका १६ क्रिकेट टिमको सहभागिता छ ।

१३ दिनसम्म चल्ने प्रतियोगितामा विजय हासिल गर्नेले ५५ हजार ५ सय ५५ र दोश्रो पुरस्कार २५ हजार ५ सय ५५ रुपैयाँ, प्रमाण पत्र र कप पाउने आयोजक जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ का वडा अध्यक्ष राघबेन्द्र प्रसाद साहले बताए । उनले महामना राजेश्वर नेपाली टी ट्वेन्टी क्रिकेट प्रतियोगितालाई आगामी वर्षमा निरन्तरता दिइने र खेल जनकपुरधामको बेला लादोस्थित १४ बिघा जग्गा रहेको राजेश्वर नेपाली खेलकूद मैदानमा गरिने बताए ।

# सहरी विकास कार्यालयमा तालाबन्दी

*उपभोक्ता संघर्ष समितिका अध्यक्ष प्रमोद यादवले धनुषा र महोत्तरीका करिब २ सय ५० वटा योजनाको एक अर्ब २५ करोड रुपैयाँ बाँकी रहेको बताए ।*



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारअन्र्तगत सञ्चालन भएको योजनामा सरकारले भुक्तानी नदिएको भन्दै उपभोक्ताले सहरी विकास कार्यालयमा तालाबन्दी गरेका छन् । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्र्तगत आर्थिक वर्ष २०७८–७९ मा भएको कामको बक्यौता रकम नदिएको भन्दै उनीहरुले तालाबन्दी गरेका हुन् ।

सरकारले आर्थिक वर्षको अन्त्यमा योजना सञ्चालन गर्ने, हतारमा काम गराउने र रकम फछ्र्यौटमा समस्या आउने गरेको छ । आर्थिक वर्षमा समेत धेरैजसो उपभोक्ताको योजनाको रकम फछ्र्यौट नभएपछि यसको छानबिनका लागि मधेब प्रदेश सभाले प्रदेश सभा सदस्य रानीकुमारी शर्मा तिवारीको संयोजकत्वमा छानबिन समिति बनाएको थियो ।

समितिले समेत सरकारलाई उपभोक्ताको रकम दिन सिफारिससहितको प्रतिवेदन प्रदेश सभामा पेस गरेको थियो । तर प्रतिवेदन दिएको करिब तीन महिना भइसक्दासमेत उपभोक्ताले रकम पाउन सकेका छैनन् । उपभोक्ता संघर्ष समितिका अध्यक्ष प्रमोद यादवले धनुषा र महोत्तरीका करिब २ सय ५० वटा योजनाको एक अर्ब २५ करोड रुपैयाँ बाँकी रहेको बताए । उनले आफूहरु विभिन्न निकायमा समेत रकम भुक्तानीका लागि धाउदा कुनै सुनुवाइ नभएपछि बाध्य भएर तालाबन्दीमा उत्रिएको बताए । उनले मुख्यमन्त्री सरोजकुमार यादवसँग भेटेर समेत समस्या समाधानका लागि पहल गर्न भन्दासमेत चासो नदिएपछि बाध्य भएर तालाबन्दी गर्नु परेको बताए ।

# दोस्रो इन्टरस्कुल क्रिकेट रनिङ्ग कप हुने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मंगलबारदेखि दोस्रो इन्टरस्कुल क्रिकेट रनिङ्ग कप २०८० हुने भएको छ । जनकपुरधामको रजौलस्थित प्रस्तावित रामजानकी अन्तर्राष्ट्रिय रंगशालामा प्रतियोगिता हुने छ ।

जनकपुरधामका १२ विद्यालयको प्रतियोगितामा सहभागिता रहने एनप्याब्सनले जनाएको छ ।

एनप्याब्सनले प्रतियोगिता पुस ७ गतेसम्म चल्ने जनाएको छ । एनप्याब्सनका अध्यक्ष तथा क्रिकेट अम्पायर आशिष झाले भने, 'पुस १ गते विवाह पञ्चमीका एक दिनबाहेक सबै दिन खेल हुनेछ ।' २० ओभरको प्रतियोगिता ठोस ड्युज बलले खेलाइने छ ।

विजेता टिमले ट्रफी, शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्ने छन् ।

म्यान अफ दि म्याच, छक्का, चौका र म्यान अफ दि सिरिज, उत्कृष्ट ब्याट्सम्यान, बलर सहितकालाई पुरस्कार राशी दिने प्रयास पनि हुने बताइएको छ । प्रतियोगिताबाट ४० खेलाडी छनौट गरी प्रशिक्षण दिइने र तीमध्ये १५ जनालाई छात्रवृत्तिका लागि पहल भइरहेको बताइएको छ ।


## अधिकतम खूद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सुचना

यस कम्पनीले INDIA बाट पैठारी गरेका देहायको माल बस्तूहरुको अधिकतम खूद्र बिक्रि मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ

| सिं.न. | मालवस्तुको विवरण | आकार।प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा विक्रि मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | | VEL-TECH | | 7 KG | INDIA | PCS | NPR | 15,000.00 | |
| 2 | WASHING MACHINE | | VEL-TECH | | 8 KG | INDIA | PCS | NPR | 16,000.00 | |

विक्रेता फर्मको नाम कामख्या ट्रेडिङ्ग कम्पनी प्रा.लि.
ठेगाना त्रियुगा, नगरपालिका, गाइघाट ११
स्थायि लेखा न 610079247
फोन 9801550333

# लडाइँ जनप्रतिनिधिको आन्दोलनमा शिक्षक कर्मचारी





**एसपी गौरव**
**सर्लाही ।**
चन्द्रनगर गाउँपालिकाका सबै सामुदायिक विद्यालयका शिक्षक तथा पालिका कर्मचारी तलब माग गर्दै धर्नामा बसेका छन् ।
चन्द्रनगर गाउँपालिकाभित्रका २२ वटै सामुदायिक विद्यालयका शिक्षक तथा पालिका कर्मचारी एकसाता भन्दा बढी समयदेखि तलब माग गर्दै धर्नामा छन् ।
गाउँपालिका अध्यक्ष राजकुमार महतो र उपाध्यक्ष गीतादेवी महतोबीच विवाद हुँदा चालु आर्थिक वर्षको गाउँसभा हुन नसकेपछि साउनदेखि नै तलब खान नपाइएको भन्दै चन्द्रनगर गाउँपालिकाका कर्मचारी एवम शिक्षक आन्दोलित भएका हुन् ।
जनप्रतिनिधिबीचको आपसी राजनीतिक द्वन्द्वका कारण चन्द्रनगर गाउँपालिकामा बहुमत र अल्पमतको बहानामा जनप्रतिनिधिबीच विवाद उत्पन्न भएपछि चालु आर्थिक वर्ष सुरु भएको पाँच महिनामा गाउँपालिकाले चालु आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रमसमेत ल्याउन सकेको छैन ।
गाउँपालिकामा सामाजिक सुरक्षा भत्तासमेत वितरण भएको छैन ।
विकास निर्माणका काम पनि पूर्ण प्रभावित भएको छ ।
आर्थिक वर्ष २०८०–८१ को साउनदेखि हालसम्म दशैंतिहार र छठ पर्वमा समेत गाउँपालिकाले तलब खुवाउन नसकेको तथा विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने दिवा खाजालगायतका विभिन्न शीर्षकको रकम निकासा नगराएको र यसका लागि पटकपटक मौखिक छलफल गर्दा पनि हालसम्म कुनै निकास ननिस्केका कारण बाध्य भएर आन्दोलनमा उत्रिएको नेपाल शिक्षक महासंघ चन्द्रनगर गाउँ समितिका अध्यक्ष सरोज कुमार सिंहले बताए ।
उनका अनुसार करिब पाँच महिनादेखि तलब नपाउँदा घर व्यवहार चलाउन निकै समस्या हुन थालेको धर्नामा बसेका शिक्षक तथा कर्मचारीको गुनासो छ । यसबाट शिक्षक, कर्मचारी तथा बालबालिकामा मनोवैज्ञानिक, आर्थिक तथा शैक्षिकरुपमा प्रतिकुल असर परिरहेको आन्दोलनरत शिक्षकहरुले बताए । तलब पाउनुपर्ने साझा माग राखेर समस्या समाधान नहुँदासम्म आफूहरुको आन्दोलन निरन्तर रहने आन्दोलनरत शिक्षक तथा कर्मचारीले बताए । नेपाल शिक्षक महासंघ चन्द्रनगर गाउँ समिति र स्थानीय तह तदर्थ समिति चन्द्रनगर संयुक्तरूपमा नियमित धर्नामा उत्रिएका हुन् ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कुनै पनि स्थानीय तहले आउने आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम चालु आर्थिक वर्षको असारमै ल्याइसक्नु पर्ने भए पनि चन्द्रनगर गाउँपालिकाका अध्यक्ष महतोको ढिपीले चालु आर्थिक वर्षको पाँच महिना बित्दा पनि वार्षिक बजेट, नीति तथा कार्यक्रम आउन नसकेको वडा नम्बर ३ का अध्यक्ष सिताराम महतोले बताए । उनका अनुसार जनताको काम गर्न पाँच वर्षका लागि निर्वाचित भएर आएको भए पनि गाउँपालिका अध्यक्ष महतो भ्रष्टाचारमा लिप्त हुँदा जनताले आफूहरुलाई पनि धिर्कान थालेका छन् ।
गत आर्थिक वर्षको बजेटमा गाउँपालिका अध्यक्ष महतोको भागमा परेको रकम कहाँ कहाँ के कति खर्च भयो ? जनताबीच हरहिसाब बुझाउनु पर्ने, गाउँपालिका अध्यक्ष महतोले आफूखुसी गरेका निर्णय बदर, वडा अध्यक्ष र उपाध्यक्षको अधिकारमाथि हस्तक्षेप रोक्न, करारका कर्मचारीलाई योजना शाखाबाट हटाउन, करारमा नियुक्त कर्मचारीका साथै गाउँपालिका अध्यक्ष महतो र आफ्नो सचिवालय हटाउनु पर्ने माग गरिएको उपाध्यक्ष गीतादेवीले बताइन् ।
यता,गाउँपालिकाको हरहिसाब देखाए मात्र गाउँसभा गर्न दिने भनेपछि आफूले हरहिसाब देखाए पनि उपाध्यक्ष गीतादेवीसहितको बहुमत प्यानल गाउँसभा गर्न दिने पक्षमा नरहेको गाउँपालिका अध्यक्ष महतोले बताए । गाउँसभा नहुँदा शिक्षक तथा कर्मचारीले तलब खान नपाएका साथै अहिलेसम्म सामाजिक सुरक्षाभत्ता वितरण गर्न नपाइएको र विकास नर्माणका काम प्रभावित भएको गाउँपालिका अध्यक्ष महतोले बताए । ३९ जनाको गाउँसभामा उपाध्यक्ष गीतादेवीका पक्षमा ३० र अध्यक्ष महतोका पक्षमा नौ जना छन् ।



**बाक्लो हुस्सुः सर्लाही सदरमुकाम मलङ्गवामा आइतबार बिहान लागेको बाक्लो हुस्सु । केही दिनदेखि राति र बिहान बाक्लो हुस्सु लाग्न थालेपछि जाडो महसुस गरिएको छ । तस्बिरः विश्वनाथ ठाकुर**

# अज्ञात समूहद्वारा धानको खलियानमै आगजनी

**मधेशदृष्टि**
**रौतहट ।**
फतुवा विजयपुर नगरपालिका–२ स्थित सितलपुरमा धान काटेर खलियानमा दाइँ गर्न राखेको अवस्थामा अज्ञात समूहले शनिबार राति आगजनी गरेको छ । आगजनीबाट खलियानमा राखेको धानको बोझा जलेर नष्ट भएको छ ।
सितलपुरका स्थानीय किसान लक्ष्मीनारायण यादवको खेतको धान काटेर दाइँ गर्न राखिएको अवस्थामा राति अज्ञात समूहले आगजनी गरेको हो ।
आगजनीबाट सबै धान जलेर नष्ट भएको पीडित यादवले जानकारी दिए । आगजनीबाट झण्डै २ लाख ७० हजार रुपैयाँ बराबरको क्षति भएको पीडित किसान



यादवले बताए । यादवका अनुसार केही अराजक समूहले पेट्रोल खन्याएर धानमा आगो लगाएको हुनसक्छ । पीडित यादवले दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्नुका साथै क्षतिपूर्ति दिलाउन माग समेत गरेका छन् । घटनास्थल पुगेको प्रहरी टोलीले धानमा आगो लगाउने व्यक्ति तथा समूहको पहिचान गरी छिट्टै सार्वजनिक गर्ने जनाएको छ ।

# ग्रामीण क्षेत्रमा मलको कालोबजारी

**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारीको लापरबाहीका कारण पर्साको ठोरी, जिराभवानी, जगरनाथपुर गाउँपालिकालगायतका ग्रामीण क्षेत्रमा रासायनिक मलको कालोबाजारी भइरहेको किसानहरुले बताएका छन् । कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीले वितरण गरेको रासायनिक डिएपी र युरिया मल तोकिएको भन्दा बढि मूल्यमा बिक्री भइरहेको किसानले गुनासो गरे ।
जिल्लाको जिराभवानी, जगरनाथपुर गाउँपालिकाको केही स्थानमा मलको कालाबजारी भइरहेको र स्थानीय पालिकाले




तोकेको भन्दा २ सय देखि ५ सय रुपैयाँ बढी लिएर व्यापारीले मल बिक्री गरिरहेको गुनासो किसानले गरेका छन् ।
मूल्य बढी नदिँदा पसलेले मल नै नदिने र बाध्य भएर बढी रकम तिरेर खरिद गर्नु परेको किसानहरु बताउँछन् । ठोरी गाउँपालिकामा बढी तोरी र सुर्तीबाली रोपिसकेका कारण त्यहाँका कृषि सहकारी संस्थाले पाएका मल चितवनको माडी पठाउने गरेको आरोप किसानले लगाएका छन् ।
गहुँ तथा मुसुरो खेतीका लागि आवश्यक रासायनिक मल नपाउँदा अहिले बारा, पर्सा, रौतहटका किसान प्रभावित भएका छन् ।
सरकारबाट उपलब्ध कोटाको मल समेत सहकारीले बढी मूल्य लिएर बेच्न थालेपछि भारतीय गुणस्तरहीन मल प्रयोग गर्न स्थानीय किसान बाध्य भएको बारा विश्रामपुरका अगुवा किसान भोला साह तेलीले दुःखेसो पोखे ।

# तारकेश्वर नाथ जिनाद बाबाको मेला सुरु

**मधेशदृष्टि**
**बारा ।**
प्रसौनी गाउँपालिका वडा नम्बर ५ स्थित प्रस्टोकामा रहेको तारकेश्वर नाथ जिनाद बाबाको मन्दिर परिसरमा दुई दिने मेला सुरु भएको छ । आइतबार र सोमबार गरी दुई दिन लाग्ने मेलाको उद्घाटन नेपाली कांग्रेस बारा–४ (ख) का सभापति लोकेश सिंहले गरेका छन् ।
तारकेश्वर नाथ जिनाद बाबाको मेला भर्न नेपाल तथा भारतका दर्शनार्थी आउने क्रम बढ्दै गएको हुँदा मेलालाई व्यवस्थित गर्नु पर्नेमा नेता सिंहले जोड दिए । नेता सिंहले वैज्ञानिक युगमा समेत धार्मिक



स्थलमा जनविश्वास अझै बढ्दै गएको हुँदा यसलाई स्थानीय सरकारले व्यवस्थित गर्न जरुरी रहेको बताए । स्थानीय तहले जिनाद बाबाको मन्दिर परिसरलाई धार्मिक पर्यटन स्थलको रुपमा विकास गर्न उनले सुझावसमेत दिए । मेलामा नेपाल तथा भारतका हजारौँको संख्यामा भक्तजन आउने गर्दछन् । जिनाद बाबाको दर्शनले सन्तान प्राप्तिसँगै विभिन्न रोगब्याधी हट्ने जनविश्वास रहेको मेला समितिका अध्यक्ष अत्मा साह तेलीले बताए ।

# धार्मिक सहिष्णुताबाट समाज जोडौँः सिंह

## बालअधिकारमा ध्यान दिन आग्रह

**मधेशदृष्टि**
**वीरगंज ।**
स्वतन्त्र मानव अधिकार समाज केन्द्रीय कार्यालय वीरगंजले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा प्रभातफेरी निकालेको छ ।
वीरगंजको घण्टाघरबाट निकालिएको प्रभातफेरीले माईस्थान चोक, आदर्शनगर, कैलाश होटल चोक, गीता मन्दिर चोक हुँदै नगर परिक्रमा गरेको थियो । नगर परिक्रमा पछि आयोजित कोणसभालाई सम्बोधन गर्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंजको बालसुधार गृहको अवस्था नाजुक रहेको हुँदा मानव अधिकारवादीहरुले बालबालिकाको अधिकार प्रति ध्यान दिन आग्रह गरे ।
समाजका केन्द्रीय अध्यक्ष कृष्ण कुमार खनालको अध्यक्षतामा सम्पन्न कोणसभामा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्साल, पर्साका प्रहरी उपरीक्षक कोमल शाह, सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्य, विभिन्न समाजिक संघ संस्थाका प्रतिनिधि, विद्यालयका शिक्षक, विद्यार्थीहरुको सहभागिता रहेको थियो ।
कार्यक्रममा प्रमुख सिंहले घण्टाघरको लिंक रोडमा राखिएको मानव अधिकार सम्बन्धी जागरण होर्डिङ बोर्डको समेत उद्घाटन गरेको समाजका अध्यक्ष खनालले जानकारी दिए ।



मधेशदृष्टि
वीरगंज
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले धार्मिक सहिष्णुता सहितको मौलिक समाज निर्माणमा सबै जुटनु पर्ने बताएका छन् ।
मुस्लिम समुदायले आयोजना गरेको ‘मुस्लिम समुदाय सामाजिक तथा सांस्कृतिक उत्थान सुझाव समिति’को भेलामा प्रमुख सिंहले धार्मिक समुदायबीचको एकता र सद्भावबाट नै समाज जोड्न सकिने बताए । उनले पहिचानको आधार नै परापूर्वकालदेखि चल्दै आएको परम्परा, रीतिरिवाज रहेको भन्दै यसलाई जीवन्त राख्नु पर्नेमा जोड दिए ।
प्रमुख सिंहले केही उच्शृंखल व्यक्तिका कारण वर्षौँदेखि एक ढिक्का रहेको समाज टुक्रयाउने खेला भइरहेकोप्रति सबै सजग र सचेत भएर त्यसकाविरुद्ध एक भएर लाग्नु पर्ने बताए । महानगरपालिकाभित्र बसोबास गर्ने सम्पूर्ण मुस्लिम समुदायको सामाजिक तथा सांस्कृतिक पक्षहरुको अध्ययन एवम् अनुसन्धान गरी आवश्यक सुझाव पेश गर्ने गरी महानगरद्वारा ‘मुस्लिम समुदाय सामाजिक तथा सांस्कृतिक उत्थान सुझाव समिति’ गठन गरिएको छ ।
महानगरको ३२ वटै वडाबाट सदस्य रहने गरी समितिको संयोजकको जिम्मेवारी महम्मद अब्बास मंसुरीलाई दिइएको छ । कार्यक्रममा वीरगंज महानगरपालिकाको वडा नम्बर १४ का वडाध्यक्ष महबुब एलाही, मौलाना असगर मदनी, खुश महम्मद, शेष लाल महम्मद, कलिमुल्लाह मियाँ ठकुराई, खैरुद्धिन मियाँ लगायतको सहभागिता थियो ।

# राष्ट्रिय एकता अभियानको सर्लाहीमा तदर्थ समिति

**मधेशदृष्टि**
**सर्लाही ।**
चिनियाँ विस्तारवाद र जिहादी अतिवादविरुद्ध अभियान चलाउँदै संघीय हिन्दू गणतान्त्रिक देश स्थापनाका लागि क्रियाशील राष्ट्रिय एकता अभियानले पूर्व जिल्ला विकास समिति सर्लाहीका सभापति तेजनारायण यादवको अध्यक्षतामा राष्ट्रिय एकता अभियान, सर्लाही तदर्थ समिति गठन गरेको छ ।
अभियानका संरक्षक पूर्वमन्त्री रामचन्द्र राय, केन्द्रीय अध्यक्ष विनय यादव रÞ केन्द्रीय सदस्य जीतेन्द्र दासलगायतका अभियन्ताको उपस्थितिमा भएको भेलाले गठन गरेको ११ सदस्यीय तदर्थ समितिको



सचिवमा चन्दन सिंह, कोषाध्यक्षमा भगवान मिश्रलाई चयन गरिएको छ भने सदस्यमा सुरेश महतो सूडी, वीरेन्द्र यादव, राजगीर महतो, लालबाबु राय, रामवीर राय रहेका छन् । कार्यक्रममा वक्ताले वर्तमानमा शासन सत्तामा रहेकाको कर्तुतका कारण नेपाल आमाका सपूतको संघर्ष र बलिदानले ल्याइएको संघीयता र गणतन्त्र बदनाम भइरहेकाले परिवर्तनकारी शक्ति बेलामै सचेत भई अधिकांश नेपालीको चाहनाअनुसार नेपाललाई ‘संघीय हिन्दू गणतन्त्र नेपाल’ घोषणामा विलम्ब गर्न नहुने बताए । वक्ताहरुले संघीयता र गणतन्त्र प्रणालीलाई सुदृढ बनाउँदै राष्ट्रलाई बलियो बनाउन आम नागरिकलाई अभियानमा गोलबन्द हुन समेत आग्रह गरिएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन